पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार
राष्ट्रिय दैनिक

# टुडे एक्सप्रेस

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

वर्ष १६ | अंक ८८ | पृष्ठ ८ | २०७७ फागुन ०४ मंगलवार (2021 FEBRUARY 16 TUESDAY) | मुल्य रु ५।-



सरकारका तीन वर्ष ०३ | विराट राजाको दरबारको गुरुयोजना बन्ने ०५ | चिनी मिललाई उखु अभाव ०७


प्रदेश २ सरकारको तीन वर्ष

## मठ–मन्दिर निर्माण र सौन्दर्यीकरणमै बढी खर्च

मात्र ५१ किलोमिटर सडक कालोपत्रे




**कमलेश ठाकुर** / जनकपुरधाम

प्रदेश २ सरकारको तीन वर्ष पुरा भएको छ। सोमबार प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले मधेस भवनमा पत्रकार सम्मेलन गरी प्रदेश सरकारको ९३ बुँदे उपलब्धि सार्वजनिक गरे। उनले ११ शीर्षकमा ९३ बुँदे प्रदेश सरकारको ३ वर्षको उपलब्धि सार्वजनिक गरेका हुन्।

मुख्यमन्त्री राउतले राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणको माध्यमले प्रदेशका जनताको सर्वोत्तम् हितलाई प्राथमिकतामा राख्दै प्रदेश सरकार अगाडि बढिरहेको बताए। बेटी पढाउ बेटी बचाउ अभियान, एक सहिद परिवार एक रोजगारी, ३९ विधेयक प्रमाणीकरण, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, मुख्यमन्त्री स्वच्छता अभियान, प्रत्येक निर्वाचन क्षेत्रमा पाँच किलोमिटर कालोपत्रे सडक निर्माण लगायतलाई उपलब्धिका रुपमा उल्लेख गरेका छन्।

मुख्यमन्त्री राउतले प्रदेश सरकारको ३ वर्षको उपलब्धि अपेक्षा अनुसार नभएपनि सन्तोषजनक रहेको बताए। संघको हैकम, नीति तथा कर्मचारी अभावका कारण समस्या भइरहेको बताए। संघसँग नीति बाझ्ने गरेकाले कतिपय प्रदेश सरकारले बनाएको विधेयक कार्यनव्यनमा नआएको उनले बताए। यद्यपि उनले प्रदेश सरकार विभिन्न चुनौतीका बावजुद सुशासन स्थापनार्थ गर्न कटिबद्ध रहेको प्रतिबद्धता व्यक्त गरेका गरे।

तर, तीन वर्षको अवधिमा कर्मचारी व्यवस्थापन, भौतिक पूर्वाधार विकास, कृषि, सिचाइँ, सडक, राष्ट्रिय गौरवको योजना स्वास्थ्य विज्ञान प्रतिष्ठान, बेटी बचाउ बेटी पढाउ, कानून निर्माण, स्वास्थ्य तथा शिक्षामा सुधार र कोभिड-१९ जस्ता महामारीलाई नियन्त्रण लगायतमा अपेक्षाभन्दा बढी काम गरेको मुख्यमन्त्री राउतको भनाई छ।

प्रदेश सरकारले बेटी बचाउ बेटी पढाउ कार्यक्रम अन्तर्गत छोरी वीमा, छात्रा छात्रवृत्ति, साइकल वितरणलगायतका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरेको, छोरीहरूलाई सबै निकायमा पहुँचको लागि ५० प्रतिशत आरक्षणको व्यवस्था, निःशुल्क लोकसेवा आयोगको तयारी कक्षा, छात्रामैत्री शौचालयको व्यवस्था लगायतका कार्यक्रम सम्पन्न गरेको उपलब्धिको रुपमा बखान गरिएको छ।

मुख्यमन्त्री स्वाच्छता अभियानअन्तर्गत पर्यटनलाई बढवा दिन २७ वटा पोखरी र प्रदेशस्थित मठ-मन्दिरको सौन्दर्यकरण, विभिन्न सार्वजनिक स्थलहरूमा ६० वटा सार्वजनिक शौचालय निर्माण, जनकपुरका उत्तरी भेग एवम् सिराहा जिल्लामा २० वटा ईनार निर्माण, एकसय वटा सामुदायिक विद्यालयमा खानेपानीको सुविधा र एक सय ५० वटा ह्याण्डपम्प जडान गरिएको छ। मधेश आन्दोलनको क्रममा सहादत प्राप्त नागरिकको सम्मान र स्मरण स्वरुप वीरगंज महानगरपालिकाको तिलाबेमा मधेश आन्दोलन सहिद स्तम्भ तथा पार्क निर्माणको कार्य सुरु र आन्दोलनका क्रममा घाइते व्यक्ति तथा पीडित परिवारलाई राहत उपलब्ध गराउनुका साथै सहिद परिवारलाई रोजगारको व्यवस्था समेत गरिएको छ।

भौतिक निर्माणतर्फ करिब ५१ किलोमिटर कालेपत्रेसहित तीन सय २० किलोमिटर सडक निर्माण, बजार सेड निर्माण, १४ वटा कल्भर्ट निर्माण, विभिन्न स्थानहरूमा ३० वटा पुल निर्माणको क्रममा रहेको र दुई सय ४० वटा डिपट्यूबेल तथा ३३ वटा पावरड्रिल ट्यूबेल निर्माण सम्पन्न भई साढे पाँच हजार हेक्टर थप जमिन सिचाइँ सुविधा पुर्याइएको उनले सुनाए।

कृषितर्फ कृषकहरूलाई विभिन्न तालिमको व्यवस्था, संक्रमणकालीन अवस्थामा कोभिडको मारमा परेका किसानहरूलाई ऋण ब्याज अनुदान, स्वरोजगारका लागि किसानहरूलाई भैंसी वितरण, प्रदेशका विभिन्न स्थानमा कोल्डस्टोर निर्माणाधिन रहेको छ।

काँग्रेसद्वारा देशभर विरोध प्रदर्शन

## सूर्य चिन्हबारे छिटो निर्णय गर : देउवा




जनकपुरमा प्रदर्शन गर्दै काग्रेसका नेता कार्यकर्ता। तस्विर : टुडे एक्सप्रेस

**टुडे एक्सप्रेस** / जनकपुरधाम

नेपाली काँग्रेसले संसद विघटन र संवैधानिक निकायमा गरिएको नियुक्ती विरुद्ध सोमवार देशभर प्रदर्शन गरेको छ। प्रदर्शनका क्रममा केहि जिल्लामा काँग्रेस नेता कार्यकर्ताले आपत्तिजनक नारा लगाएका छन्।

जनकपुरमा काँग्रेस कार्यकर्ताले ओली सरकारलाई बलात्कारीको संज्ञा दिए। साथै ओलीलाई चोर भन्दै देश छाड्न समेत काँग्रेस कार्यकर्ता माग गरे। देशभर बलात्कार बढेपनि सरकार अपराधीलाई समात्न असफल भएको भन्दै ओली सरकारलाई नै काँग्रेस कार्यकर्ताले बलात्कारीको संज्ञा दिएका हुन्।

सरकारविरुद्ध प्रदर्शन गर्न सोमवार कांग्रेसका सभापति शेरबहादुर देउवा भैरहवा पुगेका थिए। उनले विरोधसभामा बोल्दै नेकपा वैधानिकताबारे अहिलेसम्म निर्णय नगरेको भन्दै निर्वाचन आयोगको आलोचना गरे। उनले आयोगले निर्वाचन गराउनै नचाहेको त होइन ? भन्ने शंका उब्जिएको पनि बताए।

नेकपाभित्र चुनाव चिन्हको झगडा चलिरहेका बेला सभापति देउवाले आयोगले किन चुनाव चिन्हको फैसला नगरेको ? भन्दै प्रश्न गरे। उनले भने,-'सूर्य चुनाव चिन्ह एउटै रहको छ। प्रचण्डलाई दिने कि ओलीलाई ? यसबारे छिटो निर्णय गर्न आयोगलाई मेरो आग्रह छ।' सूर्य चिन्ह नपाए प्रधानमन्त्री ओलीले चुनाव नगराउने देउवाले शंका व्यक्त गरे।

## चार एसएसपीको सरुवा

**टुडे एक्सप्रेस** / काठमाडौं

गृह मन्त्रालयले महानगरीय अपराध महाशाखा प्रमुख सहित ४ जना प्रहरी वरिष्ठ उपरिक्षक(एसएसपी)को सरुवा गरेको छ। सोमवार गृहमन्त्री रामबहादुर थापाले मन्त्रीस्तरीय निर्णय गर्दै ४ एसएसपीको काजमा सरुवा गरेको नेपाल प्रहरीका प्रवक्ता एसएसपी बसन्त कुँवरले बताए।

उनका अनुसार महानगरीय अपराध महाशाखाका प्रमुख, एसएसपी दिपक थापाको मानवश्रोत तथा प्रशासन विभाग अन्तरगत रहेको भर्ना छनौट महाशाखामा सरुवा भएको छ। एसएसपी थापाको ठाउँमा भर्ना छनौट महाशाखामै कार्यरत एसएसपी चन्द्र कुवेर खापुङलाई महानगरीय अपराध महाशाखामा काजमा सरुवा गरेको। थापाको करिव १० महिना अघि वैशाख १२ गते महाशाखामा सरुवा भएको थियो।

मन्त्रीस्तरीय निर्णयबाट प्रदेश १ प्रहरी कार्यालयमा कार्यरत मधुसुदन लुईंटेलको लुम्बिनी प्रदेश प्रहरी कार्यालयमा, बाग्मती प्रदेश प्रहरी कार्यालयमा कार्यरत हरिराज वाग्लेको प्रहरी प्रधान कार्यालय, कार्य तथा अपराध अनुसन्धान विभागमा सरुवा भएको छ।

## आज सरस्वती पूजा

**टुडे एक्सप्रेस** / जनकपुरधाम




माघ शुक्ल पञ्चमीका दिन मनाइने 'श्रीपञ्चमी' पर्व आज(मंगलवार) विद्याकी अधिष्ठात्री देवी सरस्वतीको निष्ठापूर्वक पूजा-आराधना गरी मनाइँदैछ। चन्द्रमाजस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी विद्याकी देवी सरस्वतीलाई भक्तजनहरूले भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्छन्।

विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन्। सरस्वतीलाई तान्त्रिकहरूले तन्त्रसिद्धिका लागि तारादेवीका रूपमा मान्छन्।

सूर्य उत्तरतिर लागी दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ यस दिनलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ। ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धाङ्गिनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने उल्लेख छ। यसैकारणले सरस्वती पूजालाई ठूलो महत्व दिइन्छ। यस दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने विश्वास छ।

वसन्त पञ्चमीका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नंपर्दैन भन्ने मान्यता छ। यस वर्ष भने शुक्र अस्त भएकाले विवाह, व्रतबन्ध जस्ता कर्म यस पर्वमा गरिँदैन। यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक-कान छेड्न पनि शुभ मानिन्छ।

शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले

१. न्यानो कपडाको जोहो समयमै गरौ ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं ।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ ।
४.धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं ।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं ।
७.बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८.चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं ।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं ।
१०.चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं ।
११.कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं ।

नेपाल सरकार
बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल





शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले

१. न्यानो कपडाको जोहो समयमै गरौ ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं ।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ ।
४.धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं ।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं ।
७.बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८.चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं ।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं ।
१०.चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं ।
११.कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं ।

नेपाल सरकार
विदेह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल

# हस्तकला मेलामा फितलो उपस्थिति




टुडे एक्सप्रेस / जनकपुरधाम

महिला उद्यमीहरूको सीप प्रवर्द्धन गर्ने उदेश्यले जनकपुरधाममा लगाइएको प्रदेश स्तरीय महिला हस्तकला मेला सुनसान देखियो। आईतवार एक भव्य समारोहका बीच महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री जुली महतोले उद्घाटन गरेको महिला हस्तकला मेला प्रदर्शनीमा अवलोकनकर्ता कम भएपछि महिला उद्यमीहरू नै निराश बनेका हुन्।

महिला, बालबालिका तथा जेष्ठ नागरीक मन्त्रालय र नेपाल हस्तकला महासंघको आयोजना तथा प्रदेश २ को सामाजिक विकास मन्त्रालय, उद्योग वाणिज्य महासंद्घ प्रदेश २ र जनकपुर उपमहानगरपालिकाको सहयोगमा जनकपुरधाम स्थित गोपाल धर्मशालामा आयोजित मेलामा ५० ओटा स्टल राखिएको छ। मेलामा प्रदेश २ का आठओटै जिल्लाका महिला उद्यमीहरूले बनाएका विभिन्न हस्तकलाका सामाग्रीहरू राखिएका छन्। मेलामा संघीय राजधानी काठमाण्डौंबाट समेत महिला उद्यमीहरूले समेत हस्तकलाका सामाग्रीहरू प्रदर्शनका लागि ल्याएका छन्। आईतवार उद्घाटनका दिन मानिसहरूको उपस्थिती सन्तोषजनक भएको भए पनि सोमवार खासै मान्छेहरू मेला हेर्न नआएको नेपाल हस्तकला महासंघका उपाध्यक्ष दिपेन्द्र शाक्यले बताए। उनले भ्यालेन्टाईनडे र सरस्वती पूजाको अवसर पारेर मेलाको आयोजना गरिएको तर मेला अवलोकनकर्ताको भने कमी भएको बताए।

२५ वर्ष यता यस्ता मेलाको आयोजना नहुनु, जनकपुरवासीमा मेलाप्रति खासै चासो नहुनु र मेलाको बारेमा खासै प्रचारप्रसार नहुनुको कारण प्रदर्शनी हेर्न आउने मान्छेको कमी भएको हुन सक्ने उपाध्यक्ष शाक्यले बताए। अन्तिम दिन मंगलवार मानिसहरूको उल्लेख्य उपस्थिती हुन सक्ने अनुमान उनको अनुमान छ।

## महिलाको सीप प्रवर्द्धन गर्न मेला

राष्ट्रिय सभाकी उपाध्यक्ष शशिकला दाहालले जनकपुरधाममा लगाइएको प्रदेश स्तरीय महिला हस्तकला प्रदर्शनी मेलाको अवलोकन गरेकी छन्। मेलाको अवलोकन गर्दै उपाध्यक्ष दाहालले महिलाहरूको सीप प्रवर्द्धनमो मेला सहयोगी सिद्ध हुने आशा व्यक्त गबताईन्।

उनले गाउँघरमा पाईने खेर गई रहेको बाँस, काँस लगायतका वस्तुहरूबाट आकर्षक सामाग्री निर्माण गरी त्यसको विक्रिबाट राम्रो आम्दानी लिन सकिने सम्भावनालाई पूर्ति गर्न मेला पूरक भएको बताईन्। मेलामा राखिएका महिला उद्यमीहरूले उत्पादन गरेका हस्तकलाका सामाग्रीहरूको निकै चाखपूर्वक हेर्दै उपाध्यक्ष दाहालले प्रदेश २ मिथिला कलामा अब्बल रहेको बताईन्।

उनले मिथिलाकलाको अझै प्रचारप्रसार आवश्यक भएको बताउदै यहाँ महिला उद्यमीहरूले उत्पादन गरेको हस्तकलाका सामाग्रीहरूलाई अन्तर्राष्ट्रिय बजार सम्म पुऱ्याउनु पर्ने आवश्यकता औंल्याईन्।

# लालबन्दी नगरपालिका उत्कृष्ट घोषित

टुडे एक्सप्रेस / सर्लाही




प्रदेश २ अर्न्तगत सर्लाहीको लालबन्दी नगरपालिका र सुदूरपश्चिम प्रदेशको कञ्चनपुर स्थित भीमदत्त नगरपालिका नेपालकै उत्कृष्ट नगरपालिका घोषित भएका छन्।

देशभरिका नगरपालिकाहरूको विभिन्न योजना तथा विकास निर्माणमा लगानी गर्दै आएको नगर विकास कोषले मनाएको आफ्नो ३३ औं वार्षिकोत्सवको अवसरमा सर्लाहीको लालबन्दी र कञ्चनपुरको भीमदत्त नगरपालिकालाई उत्कृष्ट नगरपालिका घोषणा गरी पुरस्कार प्रदान गरेको हो। देशभरीमै उत्कृष्ट घोषित यि दुई नगरपालिका नगर विकास कोषको तर्फबाट एक/एक लाख नगद सहित कदरपत्रबाट सम्मानित भएका छन्।

बार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा शहरी विकास मन्त्री प्रभू साहले यि दुई नगरपालिकाका मेयरहरूलाई सम्मान गरेका थिए। नगर विकास कोषले आफ्नो कामको मूल्यांकन गरी उत्कृष्ट नगरपालिकाको रुपमा सम्मान गरेकोमा थप हौसला प्राप्त भएको लालबन्दी नगरपालिकाका मेयर मान बहादुर खड्काले बताए।

आफु मेयर पदमा रहुन्जेल सदैव नगरवासीकै हितमा काम गर्ने उनले प्रतिवद्धता व्यक्त गरेका छन्।

# पाँच फरार अभियुक्त पक्राउ

धर्मेन्द्र साह / रौतहट



विभिन्न मुद्दाका फरार पाँच अभियुक्तलाई रौतहट प्रहरीले अलग अलग स्थानबाट पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा गुजरा नगरपालिका ६ वेदौलीका सन्दीप कुमार यादव भन्ने अजय कुमार यादव, चन्द्रपुर नगरपालिका ३ गैंडाटारका सोम लामा भन्ने पूर्ण बहादुर मोक्तान, चन्द्रपुर नगरपालिका ३ कै रमण तिवारी भन्ने बुद्धि बहादुर तिवारी र सोही ठाउँका पुरण धामी रहेका छन्। उनीहरू विभिन्न मुद्दामा अदालतबाट सजाय पाएपछि फरार भएका थिए।

प्रहरीले पक्राउ परेका पाँचै जनालाई अदालतमा पेश गरेको जनाएको छ। रौतहट प्रहरीले पछिल्लो समय फरार अभियुक्तहरूलाई पक्राउ गर्ने अभियान नै चलाएको छ। फरार अभियुक्त पक्राउ नपर्दा उनीहरूले पटक-पटक अपराध गर्ने गरेको प्रहरीको दावी छ।



## आजको राशिफल

ई. बिबेक
प्रसिद्ध ज्योतिषाचार्य

परामर्सको लागि सम्पर्क ९८१२००५३७८

**मेष** : आज बुद्धि र विवेकको प्रयोग गर्न सके आजको दिनलाई सकारात्मक बनाउने समय छ । सफल यात्रा र आफन्तबाट सहयोग मिल्नेछ ।

**वृष** : साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ । नयाँ जिम्मेवारी पाइएला । शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली विक्ने समयछ ।

**मिथुन** : कीर्तिमानी काम गर्ने समय छ । वाक्चतुर्याईँले सकल्प सिद्ध हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**कर्कट** : आज अनावश्यक ठाउँमा धन खर्च होला । अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । वैदेशिक क्षेत्र कमजोर रहनेछ । खनपिनमा विचार पुर्याउनु पर्छ ।

**सिंह** : आज शुभचिन्तकहरूले पूर्ण समर्थन गर्नेछन् । घरमा अतिथीको आगमन हुनेछ । पुरानो समस्या सुल्झाउन सकिनेछ । सन्तान सुख मिल्नेछ ।

**कन्या** : आज काम गर्ने जोश जाँगर र उमङ्ग बढ्नेछ । चिताएको कामले तीव्रता लिनेछ । नयाँ कामको थालनी हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ ।

**तुला** : आज उपहार पाईन सक्छ । आफन्तसङ्ग भेटघाटले मन प्रसन्न रहनेछ । नयाँ कार्यको योजना बननेछ, तर शृङ्गार तथा अनवस्यक खर्च पनि बढ्नेछ ।

**वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

**धनु** : टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट आँटेको कार्यमा सफलता मिल्नेछ ।

**मकर** : धार्मिक यात्राको योगछ । नयाँ कार्यको योजना बन्नेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । दिनको उत्तरार्धमा अधिक धन खर्च हुनेछ ।

**कुम्भ** : आज आँटेको र ताकेको कार्य पुरा होला । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । प्रेममा मधुरता पनि छाउनेछ ।

**मिन** : आज सामान हराउने वा चोरी हुने सम्भावना छ । शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

# गौरमा पनि काँग्रेसद्वारा प्रदर्शन

टुडे एक्सप्रेस / रौतहट




संसद विघटनविरुद्ध नेपाली काँग्रेस रौतहटले सदरमुकाम गौरमा विशाल विरोध प्रदर्शन गरेको छ। पुर्व घोषित कार्यक्रम अनुसार सदरमुकाम गौरमा विशाल विरोध प्रदर्शन गरिएको हो।

कांग्रेसका रौतहट सभापति कृष्णा यादवको नेतृत्वमा गौरको राइस मिलबाट निस्किएको जुलुस नगर परिक्रमा पश्चात पुनः राइस मिलमै फर्कि कोण सभामा परिणत भएको थियो। निकै तामझाम र प्रचार-प्रसारकाबीच गरिएको प्रदर्शनलाई कांग्रेसले प्रतिष्ठाको बिषय बनाएका थिए। गाउँ-गाउँबाट सदरमुकाम भेला भएका पार्टी कार्यकर्ताहरूले बिभिन्न नारा लगाए। कोणसभामा रौतहटका सभापति कृष्णा यादवले सर्वसत्तावादी र दम्भी सरकारविरुद्ध सडकमा आउनु परेको बताए। बर्तमान नेकपा नेतृत्वको सरकारले देशमा अधिनायकवाद लाद्न खोजेको र कांग्रेसको कन्धामा फेरी एक चोटी लोकतन्त्र बचाउने जिम्मेवारी आइपरेको उनको भनाई थियो।

# सञ्चारकर्मीले लगाए कोरोनाविरुद्धको खोप

टुडे एक्सप्रेस / रौतहट



रौतहटका सञ्चारकर्मीहरूले पनि कोरोना विरुद्धको खोप लगाएका छन्। सोमवार स्वास्थ्य कार्यालय रौतहटले कोभिड १९ को अग्रपंत्तिमा रही काम गरेका सञ्चारकर्मीहरूलाई खोप लगाइएको जनाएको छ।

नेपाल पत्रकार महासंघ रौतहटको सहकार्यमा स्वास्थ्य कार्यालय गौरले सञ्चारकर्मीहरूलाई खोप लगाइदिएको छ। आईतवार र सोमवार गरी कूल ३२१ जनाले खोप लगाएको स्वास्थ्य कार्यालयले जनाएको छ। अहिले सञ्चारकर्मी, निजामति कर्मचारी, छुटेका स्वास्थ्यकर्मी र सुरक्षाकर्मी लगायतलाई कोरोनाविरुद्धको खोप लगाइदैछ। खोप लगाएकाहरूले साइड इफेक्ट नगरेको प्रतिक्रिया दिएका छन्।

# दानवीर पिताको स्मृतिमा पुत्रले पनि गरे जग्गादान

टुडे एक्सप्रेस / महोत्तरी

बर्दिवास नगरपालिका-१३ का सुवर्ण पौडेलले आफ्ना दिवङ्गत पिताको स्मृतिमा वडा कार्यालय भवन निर्माणका लागि करिब एक करोड मूल्य पर्ने जग्गादान गरेका छन्। समाजसेवामा जग्गादान र श्रम गर्नबाट कहिल्यै नथाक्ने स्व. पिता कृष्णप्रसाद पौडेलको स्मृतिमा सुवर्णले एक करोड मूल्य पर्ने चार कट्ठा नौ धुर जग्गा वडा कार्यालय भवन निर्माण प्रयोजनका लागि दान गरेका हुन्।

वडा कार्यालयका लागि बर्दिवास-१३ बिजलपुरा डाँडाटोलचोक नजिकै प्राप्त भएको जग्गामा अब वडा कार्यालय भवन बनाइने वडाध्यक्ष श्यामप्रसाद राउतको भनाइ छ। 'वडा कार्यालयका लागि फराकिलो भवन र भवनका लागि जग्गा आवश्यक थियो', वडाध्यक्ष राउतले भने, 'सुवर्णले आफ्ना दानवीर पिताको स्मृतिमा जग्गा दिएर हामीलाई भवन निर्माणमा हौस्याउनुभएको छ।' बर्दिवास-१३ वडा समितिका नाउँमा हालै दानपत्रबाट प्राप्त जग्गामा चाँडै भवन निर्माणको काम थालिने उनले बताए।

सुवर्णले पिताको स्मृतिमा जग्गा दिनु भएपछि उनकै सहोदर काकाका छोरा सत्य र विमल पौडेलबाट पनि वडा समितिलाई थप एक कट्ठा जग्गा सोही कित्तामा जोडिएर निःशुल्क प्राप्त भएको वडा कार्यालयले जनाएको छ। 'सुवर्णका पिताजी स्व.कृष्णप्रसाद आफैं दानवीर हुनुहुन्थ्यो', वडाध्यक्ष राउतले भने, 'सुवर्णले दानवीर पिताको सिको गर्दै सामाजिक क्षेत्रको काममा चासो बढाउनुभएको छ, सुवर्णसँगै उहाँकै परिवारभित्रबाट थप जग्गा प्राप्त भएको छ।' स्व.कृष्णप्रसादले यसअघि नेपाल रेडक्रस सोसाइटी बिजलपुरा उप-शाखाको भवन निर्माणका लागि पाँच कट्ठा, बिजलपुरा स्वास्थ्यचौकी भवन निर्माणका लागि पाँच कट्ठा र डाँडाटोलस्थित जनता माध्यमिक विद्यालयको नयाँ भवन निर्माणका लागि चार कट्ठा जग्गा दान गरेको राउतले स्मरण गरे। यसबाहेक साविक बिजलपुरा गाविस भवन निर्माणका लागि पनि स्व. पौडेलबाट निःशुल्क जग्गा प्राप्त भएको राउतले उल्लेख गरे।

'उहाँ (स्व.कृष्णप्रसाद) जग्गादान गरेर मात्र हैन, हरेक सामाजिक काममा अग्रसर भएर सबैलाई हौस्याउनुहुन्थ्यो', स्व.पौडेलको सामाजिक कार्यमा अग्रसर भएर लाग्ने सेवाभाव सम्झँदै राउतले भने, 'उहाँका काम सम्झेर हामीलाई सामाजिक काममा लाग्न प्रेरणा मिल्दछ।' यसैबीच सुवर्णले जनता मावि डाँडाटोल बिजलपुराको स्वामित्व रहने गरी कृषि उपज बेचबिखन(तरकारी फसल बेच्ने ठाउँ, तरकारी बजार)का लागि एक कट्ठा दश धुर जग्गादान गरेका छन्।

'म यसै ठाउँमा जन्मे, हुर्कें', सुवर्णले भने, 'स्व.पिताजीले सामाजिक क्षेत्रमा देखाउनुभएको चासोलाई निरन्तरता दिएको हुँ।' वडा कार्यालय भवनको जग्गा पास गरिदिएपछि आफ्नो ठाउँ तरकारी उत्पादनको पकेटक्षेत्र भएको हुँदा किसानको सुविधा बढाउन तरकारी बजारका लागि जग्गा दिने घोषणा गरेको सुवर्णले बताए। 'हेर्नुहोस्, जन्मेपछि मर्नुपर्छ, मर्दा लादिएर कुनै सम्पत्ति आफूसँग जाने हैन', सुवर्णले भने, 'समाज हितमा लगाएको सम्पत्ति कहिल्यै नास हुँदैन, म त अरु हुनेलाई पनि मनकारी भएर सामाजिक क्षेत्रमा योगदान गर्न अपिल गर्छु।' बिजलपुरा डाँडाटोलका पौडेल परिवार भन्नासाथ बर्दिबास नगर क्षेत्रभित्र सम्मानभाव व्यक्त हुने गरेको बर्दिबास नगरप्रमुख विदुरकुमार कार्की बताउँछन्। पिताजी कृष्णप्रसादले दिनुभएको सामाजिक योगदान स्मरणीय रहेको र सुवर्णले पिताको पदचिह्न पछ्याएर चासो बढाएको कार्कीको भनाइ छ। 'स्व.कृष्णप्रसादले दिनुभएको जग्गामा रेडक्रस भवन, स्वास्थ्यचौकी भवन र विद्यालय भवन छन्,' नगरप्रमुख कार्कीले भने, 'यी सबैले उहाँलाई सम्झाइरहनेछन्।' समाजसेवामा सम्पत्ति दिएर र श्रम गरेर नथाक्ने पौडेलको चार वर्षअघि २०७४ सालमा निधन भएको समय दुःखद् क्षणका रूपमा कार्कीले सम्झिए।

सरकारका तीन वर्ष :

# भर्नादर ९३ र साक्षरता दर ८५ प्रतिशत

**प्रकाश सिलवाल** / काठमाडौं

कोरोना महामारीको जोखिमबीच वर्तमान सरकारले तीन वर्षका अवधिमा शिक्षा र सञ्चार क्षेत्रको पहुँच विस्तारमा उल्लेखनीय प्रगति हासिल गरेको छ। सो अवधिमा आधारभूत तह (कक्षा १-८)को विद्यार्थी खूद भर्नादर ९२.३ प्रतिशतबाट वृद्धि भई ९३.४ प्रतिशत पुगेको छ भने माध्यमिक तह (कक्षा ९-१२)को खूद भर्नादर ४३.९ प्रतिशतबाट ४७.६ प्रतिशत पुगेको छ। छ वर्षमाथिको साक्षरता दर ७८ प्रतिशतबाट ८५ प्रतिशत पुगेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद् (सिटिइभिटी अन्तर्गत सञ्चालित शिक्षालय २९२ स्थानीय तहमा पुगेका छन्। यस्ता शिक्षालयको सङ्ख्या ५७० बाट एक हजार ४२ पुगेको छ। तीन शिक्षालयबाट ६५ हजार ४९७ जनाले तालीम प्राप्त गरेको सरकारले जनाएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको तीन वर्ष प्रवेशका अवसरमा सोमवार गरेको सम्बोधनमा शिक्षाका सन्दर्भमा आफूले गत वर्ष संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)को विश्व प्रतिवेदमा उल्लिखित 'अ वर्ल्ड रेडी टु लर्न'लाई उल्लेख गरेको स्मरण गर्दै प्रतिवेदनमा सन् २००० पछिका १७ वर्षमा नेपालको विद्यालय भर्नादर १२ प्रतिशतबाट ८६ प्रतिशत पुगेको भनी प्रशंसा गरिएको जनाए। शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ र आम्दानीलगायत अन्य आर्थिक सामाजिक पक्षको स्थिति समेटेर राष्ट्रसङ्घीय विकास कार्यक्रमले प्रकाशन गरेको मानव विकास प्रतिवेदन, २०२० ले नेपालको सूचकाङ्क तीन वर्षका अवधिमा ५.३ प्रतिशतले वृद्धि भएको उल्लेख गरेको छ। सो सूचकाङ्कले कोभिड-१९ को महामारीबीच पनि नेपालमा गरीबी नबढेको सङ्केत गरेको सरकारको बुझाइ छ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत शिक्षण संस्थाको भौतिक पूर्वाधार तथा सिकाइ सुविधामा सुधार ल्याउने उद्देश्यले आर्थिक वर्ष २०७६/०७७ देखि सो कार्यक्रम प्रारम्भ भएको छ। गत आवमा यसको कार्यविधि तयारी गरी विद्यालय तहबाट प्रस्ताव माग गरिएकामा करीब तीन हजार तीन सय प्रस्ताव प्राप्त भएको। हाल पुनः नयाँ प्रस्ताव आह्वान गरिएको छ।

चालू आवमा बढीमा २५ लाखसम्मका आयोजनाको प्रस्ताव पेश गर्न सूचना प्रकाशन गरिएकामा हाल स्थानीय तहको स्वीकृतिसहित विद्यालयका प्रस्ताव प्राप्त भइसकेका छन्। विद्यालयबाट प्राप्त प्रस्तावमा भवन निर्माण, सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला जस्ता पूर्वाधारसम्बन्धी आयोजना समावेश छन्। ती प्रस्तावको मूल्याङ्कन गरी कार्यान्वयन अघि बढाउन प्रक्रिया प्रारम्भ गरिएको छ।

सरकारले चालु आवको वार्षिक नीति तथा कार्यक्रममा अनलाइन शिक्षा प्रदानलगायत व्यवस्था गरेको थियो। कोरोना भाइरसबाट समाजका सबै क्षेत्र प्रभावित भइरहेका बेला उक्त नीति तथा कार्यक्रमले विद्युतीय शिक्षण सामग्री उत्पादन गरी सबै सार्वजनिक माध्यमिक विद्यालय र क्याम्पसमा सूचना प्रविधि प्रयोगशाला र उच्चगतिको इन्टरनेट सुविधा पुऱ्याइने उल्लेख गरेको थियो।

बन्दाबन्दीपछि शिक्षालय बन्द रहेकाले अनलाइन र दूर शिक्षाका माध्यमबाट सिकाइको निरन्तरता दिन थालिएकामा सबै विद्यालय र विद्यार्थीका बीचमा यसको पहुँच पुग्न नसकेको गुनासो उत्पन्न भएको थियो। प्राविधिक जनशक्तिको अभाव हटाउन प्राविधिक शिक्षा विस्तार गरिने नीति तथा कार्यक्रममा शिक्षाको आकर्षण थियो। आगामी तीन वर्षभित्र सबै सामुदायिक विद्यालय तथा प्राविधिक शिक्षालयलाई पूर्वाधारसम्पन्न शिक्षण संस्थाका रूपमा विकास गर्ने सरकारको तयारी छ।

गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक पहुँच पुऱ्याउने, करीब दुई लाख ७० हजार विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने र टिकाउने, शिक्षालाई अनुसन्धानसँग जोड्ने, शिक्षकको पदपूर्ति, विकास र परिचालनजस्ता कार्यक्रम सरकारका प्राथमिकतामा छन्। विद्यालयस्तरमा विज्ञान शिक्षकको अभाव पूरा गर्न शिक्षक परिपूर्ति, पाँच वर्षमुनिका बालबालिकाका लागि स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्ने, सबै विद्यालयमा उच्च गतिको इन्टरनेट सेवा पुऱ्याउने र सार्वजनिक विद्यालय सबलीकरण दशक जस्ता कार्यक्रम राखिएका छन्।

सबै नेपालीलाई देशभक्त, भविष्यप्रति आशावान्, सभ्य, सुसंस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सिर्जनशील र आत्मविश्वासी बनाउने सरकारको शिक्षा नीति हो। राष्ट्रिय आवश्यकता र अन्तरराष्ट्रिय अवसरका आधारमा जनशक्तिको प्रक्षेपण गरी विषय क्षेत्रगत जनशक्ति उत्पादन गरिने तथा राष्ट्रिय योग्यता प्रारूपको ढाँचा कार्यान्वयनमा ल्याइने सरकारको लक्ष्य छ। आगामी आवमा साक्षर नेपाल घोषणा गरिने भनिएको छ। हाल ५३ जिल्ला पूर्ण साक्षर घोषित भइसकेका छन्।

आवश्यक जनशक्ति विकासका लागि कृषि तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा, आयुर्वेद, पर्यटन, इञ्जिनियरिङ, आर्टिफसियल इन्टेलिजेन्स, सुरुङ प्रविधि तथा रक इञ्जीनियरिङ, खनिज अन्वेषण, जलविद्युत्, नवीकरणीय ऊर्जालगायत विशिष्टीकृत विधामा उच्च शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाइने सरकारको सङ्कल्प छ। विश्वविद्यालयको अध्ययनअध्यापनलाई अनुसन्धानमा आधारित बनाइने र विज्ञान प्रविधिसम्बन्धी उच्च शिक्षालाई अनुसन्धानमुखी तथा अनुसन्धानको गुणस्तर सुनिश्चित गर्ने संयन्त्र विकास गरिने भनिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान तथा नव प्रवर्त्तन नीति, २०७६ समयानुकूल परिमार्जन गर्दै कार्यान्वयन गरिने प्रतिबद्धता सरकारको छ। स्वदेशमै विज्ञान र प्रविधिका क्षेत्रमा अन्तरराष्ट्रियस्तरको अध्ययन, अध्यापन र अनुसन्धान गर्न सक्ने विश्वविद्यालयका रूपमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना र सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माणका कार्य अघि बढेका छन्। 'चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश' अभियान सञ्चालन गरी स्नातकोत्तर युवालाई विकासनिर्माण तथा शैक्षिक विकाससम्बन्धी काममा मुलुकभर परिचालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

सञ्चार क्षेत्रमा शून्यको स्थितिबाट ७७ जिल्लामा फोर-जी सेवा विस्तार भएको छ। इन्टरनेट ग्राहक घनत्व ५१.२ प्रतिशतबाट ८०.१ प्रतिशत पुगेको छ। ग्रामीण दूरसञ्चार कोषअन्तर्गत ३१ जिल्लामा निःशुल्क इन्टरनेट सुविधा उपलब्ध भएको छ। हालै मन्त्रिपरिषद्बाट सबै विद्यालय र स्थानीय सेवा प्रदायक संस्थामा इन्टरनेट सेवा पुऱ्याउने निर्णय भएको प्रधानमन्त्री ओलीको सम्बोधनमा जनाइएको छ।

# चुनाव बाध्यात्मक र अपरिहार्य : प्रधानमन्त्री ओली




**टुडे एक्सप्रेस** / काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटनको सिफारिस राष्ट्रलाई एक बनाउन र पार्टीहरूभित्र एकता कायम गर्न ताजा जनादेशका लागि चालिएको राजनीतिक कदम भएको बताएका छन्।

वर्तमान सरकार गठन भएको तीन वर्ष पूरा भएका अवसरमा सरकारका उपलब्धिबारे जानकारी दिन सोमवार आयोजित प्रेस बिफ्रिङमा उनले ताजा जनादेशको प्रस्ताव अराजकताको अन्त्य र राजनीतिक स्थिरताका लागि भएको स्पष्ट पारे। भने, "संविधानको रक्षा, राष्ट्रिय स्वाधीनता र 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा परिपूर्तिको अविचलित यात्राको निरन्तरताका लागि हो। यो कदम हाम्रो लोकतान्त्रिक प्रणालीलाई 'समीकरण र गठबन्धन'को फोहोरी खेलबाट मुक्त गर्न चालिएको 'बाध्यात्मक तर आवश्यक' र अहिलेको लागि 'अपरिहार्य' कदम हो।"

सरकार सञ्चालनका लागि जनतालाई फेरि एकपटक आफूले रुचाएको दलको छनोट गर्ने मौका मिलेको बताउँदै उनले भने, "जनतालाई साक्षी राखी गरिएका कबूलहरू पूरा गर्न सत्तारुढ दलको अध्यक्ष एवं प्रधानमन्त्रीको हैसियतमा म प्रतिबद्ध छु। आगामी निर्वाचनबाट फेरि एकपटक अस्थिरताको खेती गर्न चाहनेहरूको दाउपेच चकनाचूर हुनेछ। मुलुकले स्थिर सरकार र राजनीतिक स्थायित्व प्राप्त गर्नेछ।"

प्रधानमन्त्री ओलीले निर्वाचन लोकतान्त्रिक प्रणालीको जीवन भएको र लोकतन्त्रमा निर्वाचनले राष्ट्र वा पार्टीहरूलाई विभाजन नगरी एक बनाउने बताउँदै निर्वाचनको घोषणापछि विजय हासिल गर्न, निर्वाचनमार्फत आफ्ना उद्देश्य पूरा गर्न, अझ सुदृढ एकताका साथ अघि बढ्नुपर्नेमा विभिन्न निहुँ र बहाना बनाएर पार्टीलाई नै विभाजित गर्ने प्रयास गर्नु अपराध भएको टिप्पणी गरे।

आगामी वैशाख १७ गते ४० र वैशाख २७ गते ३७ जिल्लामा निर्वाचनको घोषणा भएअनुरुप निर्वाचन आयोगले आफ्नो तयारी तीव्रताका साथ गरिरहेको बताउँदै प्रधानमन्त्री ओलीले भने, "हामी अहिले निर्वाचनको क्रममा छौं। केहीले अझै पनि चुनाव त हुन्छ भन्दै प्रश्न उठाएको सुन्छु। म जोड दिएर भन्न चाहन्छु, चुनाव हुन्छ। स्वच्छ, स्वतन्त्र र निष्पक्ष चुनाव हुन्छ।"

# अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न पाइँदैन : काँग्रेस

**टुडे एक्सप्रेस** / काठमाडौं

नेपाली काँग्रेसले 'सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिका' का नाममा संसद्मा विचाराधीन विवादास्पद सूचना प्रविधि विधेयकलाई नयाँ स्वरुपमा ब्युँताइन लागेको भन्दै आपत्ति प्रकट गरेको छ।

काँग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले विज्ञप्तिमार्फत सामाजिक सञ्जाललाई नियमन गर्ने, मर्यादित र स्वस्थ बनाउने प्रश्नमा कसैको पनि विमति हुन नसक्ने उल्लेख गर्दै त्यसका लागि विद्यमान कानूनभित्रै आवश्यक प्रावधान रहेको बताएका छन्। थप व्यवस्था आवश्यक भए पनि



वृहत्तर विमर्श बिना, संसद् विघटन भएको समयमा निर्देशिकामार्फत जारी गर्नतर्फ लाग्नुले सरकारको नियतमाथि गम्भीर प्रश्न उब्जिएको काँग्रेसको आरोप छ।

सरकारले नागरिक अधिकारलाई प्रभावित गर्ने गरी कुनै पनि कार्यकारी आदेशबाट निर्देशिका जारी गर्न नहुने, नमिल्ने र नपाइने प्रवक्ता शर्माले उल्लेख गरेका हुन्। प्रस्तावित निर्देशिकाको प्रक्रिया अघि नबढाउन सरकारलाई चेतावनी दिँदै काँग्रेसले आजको देशव्यापी प्रदर्शनमा यो मुद्दालाई थप उजागर गर्ने जनाएको छ।

यसविरुद्ध समयमै सजग बन्न अभिव्यक्ति स्वतन्त्रताका पक्षधर सबैलाई आग्रह गर्दै काँग्रेसले सञ्जाल प्रयोगकर्ता युवा पुस्तालाई विशेष जागरुकताका लागि आह्वानसमेत गरेको छ।

# सत्तरी महिनापछि बन्यो सिंहदरबार

**टुडे एक्सप्रेस** / काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले पुनःनिर्मित सिंहदरबार तीन मोहडाको उद्घाटन गरेका छन्।

विसं २०७२ वैशाख १२ गतेको भूकम्पबाट क्षतिग्रस्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत रहेको देशको प्रमुख प्रशासनिकस्थल सिंहदरबारको पुनःनिर्माण सम्पन्न भएपछि सोमवार उनले उद्घाटन गरे।

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणद्वारा पश्चिमबाहेकका तीन मोहडाको लागत रु ८७ करोडमा पुनःनिर्माण भएको हो। पुनःनिर्माण सम्पन्न भई उद्घाटन भएका मोहडा विसं २०३० को आगलागीमा परेपछि विसं २०३७ मा नयाँ प्रविधि तथा आधुनिक निर्माण सामग्री प्रयोग गरी पुरानै स्वरुपमा पुनःनिर्माण गरिएको थियो।

भौतिक प्रबलीकरणपछि अत्याधुनिक सुविधासम्पन्न बनाउन भवनमा आपत्कालीन तथा अग्नि नियन्त्रक संयन्त्र राखिएको छ।

कार्यालयमा २४ सै घण्टा उपलब्ध हुने ताजा हावासहितको वातानुकूलन प्रणालीसमेत जडान गरिएको छ।

# मेरो अदालत प्रधानमन्त्रीसँग नडराओस् : गगन थापा

**टुडे एक्सप्रेस** / काठमाडौं



नेपाली कांग्रेसका केन्द्रीय सदस्य गगन थापाले असंवैधानिक रुपमा संसद् विघटन गर्ने प्रधानमन्त्री केपी ओलीसँग अदालत डराउन नहुने बताएका छन्।

सोमवार चितवनको भरतपुरमा नेपाली कांग्रेसले आयोजना गरेको विरोध सभालाई सम्बोधन गर्दै थापाले सर्वोच्चले विना कुनै पक्षपात, विना कुनै भय निर्णय गर्नँपर्ने बताएएका हुन्। 'विना कुनै पक्षपात, विना कुनै भय यो अदालतले निर्णय गरोस्, मेरो अदालत यो प्रधानमन्त्रीसँग नडराओस्, अदालतले हिम्मत गरोस्', 'अदालतले संविधानको धारा मात्र हेरोस्!'

सर्वोच्चमा चलिरहेको प्रतिनिधि सभा विघटनको मुद्दातर्फ संकेत गर्दै नेता थापाले आफूलाई सर्वोच्चले निष्पक्ष निर्णय दिनेमा विश्वास रहेको समेत बताए। सोही कारण यो अदालतबाट संसद पुनर्स्थापना भएरै छोड्ने उनको भनाइ छ।

वर्गीकृत विज्ञापन
मो. ९८०१०२९०४७४

**राहदानि हरायो**

मिति २०७७/०९/२५ गते बर्दिवास देखि सिन्धुली जाने क्रममा मेरो निम्न ब्याहोरा भएको राहदानि हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध गरिन्छ।

**नाम :- निकेश आले मगर**
**ठेगाना :- मिथिला नगरपालिका -१ तुलसि**
**राहदानि नं. :- १०७१६६१५**
**मो. :- ९८४७८५३५७८, ९८१८३३३४३७**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### धनुषा (०४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आँखा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

### काठमाण्डौं (०१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

### पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

### बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

### रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

### सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

### महोत्तरी (०४४-)


| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६,५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

### सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

### सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



सम्पादकीय...

# आन्दोलनलाई नेतामुखी हैन जनमुखी बनाऔं

नेकपा प्रचण्ड–माधव समूहले ओली कदम विरुद्ध अर्को चरणको आन्दोलन घोषणा गरेको छ । आफ्नै पार्टीका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको पौष ५ गतेको असंवैधानिक कदम सच्याउन ओलीमाथि दबाब सिर्जना गर्न यो समूहले चौथो चरणको आन्दोलनको घोषणा गरेको हो । चरणवद्ध आन्दोलन गरिरहेको उसले पछिल्लो चरणको आन्दोलन फाल्गुन ५ गते देखि १५ गतेसम्म गर्ने जानकारी दिएको छ । प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले संसद विघटन गरे यता प्रचण्ड–माधव समूहले निरन्तर संघर्षको कार्यक्रम गर्दै आएको छ । पौष १४, माघ ९ र माघ २८ गते काठमाण्डौंमा विरोध सभा गरेको सो समूहले राजधानी बाहिर पनि दैनिकजसो विरोधका कार्यक्रम गर्दै आएको छ । सुरुमा संसद विघटनलाई मात्रै मुद्दा बनाएर संघर्ष गरेको सो समूहले पछिल्लो समय अध्यादेश नै ल्याएर प्रधानमन्त्रीले गरेको संवैधानिक निकायका नियुक्त उपर समेत प्रचण्ड–माधव समूहले संघर्षका कार्यक्रम मार्फत् असन्तुष्टि पोखिरहेका छन् । त्यस्तै सो समूहले प्रधानमन्त्रीको असंवैधानिक कदम, संवैधानिक निकायमा आफुखुसी नियुक्ति, महङ्गी र भ्रष्टाचारका विरुद्धमा समेत नारा लगाइरहेको छ ।

देशकै शक्तिशाली र सबैभन्दा ठूलो पार्टी नेकपा दुई कित्तामा बाडिएपछि नेता कार्यकर्ता समेत दुई कित्तामै बाडिएका छन्। कानूनी रुपमा अलग भई नसकेको नेकपा व्यवहारिक रुपमा तल्लो तहसम्म नै विभाजन भई सकेको कार्यकर्ताले एकअर्को समूहलाई गर्ने विरोध र समर्थनबाट बुझ्न सकिन्छ । भन्ने नै हो भने पौष ५ यता र त्यस अघि पनि देश आन्दोलनमय भएको छ । पौष ५ अघि राजावादीहरूले देशभर शक्ति प्रदर्शन गरिरहेका थिए भने पौष ५ यता प्रधानमन्त्रीको संसद विघटन विरुद्ध उनको आफ्नै दलका असन्तुष्ट पक्ष अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड समूहले विरोध चर्काइ रहेका छन् । त्यस्तै प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसले पनि प्रधानमन्त्रीको कदम सच्याउनु पर्ने भन्दै विरोध गरिरहेको छ । बाबुराम भट्टराई नेतृत्वको जनता समाजवादी पार्टीले पनि केपी ओली नेतृत्वको सरकारको विरोध नै गरिरहेको छ । त्यस्तै मानव अधिकारवादी, पूर्वप्रधानन्यायाधीशहरू, कानूनविद समेत संसद विघटनको विपक्षमा उभिएको देखिन्छ । अर्को एउटा समूह पनि छ जो प्रधानमन्त्रीको कदमको स्वागतमा ऱ्याली, जुलुस र सभा गर्दै हिडिरहेको छ ।

आन्दोलन, संघर्ष, जनप्रदर्शन, जनदबाब अत्यन्तै शक्तिशाली अस्त्र हुन् । देशमा परिवर्तन ल्याउनमा पटक–पटक यस्ता अस्त्रको प्रयोग भएको छ । अहिलेसम्मका सबै ठूला परिवर्तन आन्दोलन जनसंघर्ष र विरोध प्रदर्शनबाटै भएका हुन् । शासकलाई तानाशाह बन्नबाट रोक्न, निरंकुश हुनबाट रोक्न, जनताका सामु घुँडा टेक्न बाध्य गराउन, हत्या, हिंसा, बलात्कार, भ्रष्टाचार रोक्न जनदबाबको अहम भूमिका हुन्छ । आन्दोलन परिवर्तनको संवाहक भएको छ । त्यसैले त अहिलेका दल र तिनका नेतृत्वले सानो सानो असन्तुष्टि पोख्न समेत आन्दोलन रोज्ने गरेका छन् तर आन्दोलन शान्तिपूर्ण हुनु पर्दछ । शासकको ध्यानाकर्षण गर्न, शासकलाई खबरदारी गर्न, शासकलाई जनउत्तरदायी बनाउन गरिने संघर्षका कार्यक्रमले गरिखाने वर्गलाई कति पनि क्षति पुग्नु हुँदैन । सरकार र शासकको विरोधमा उत्रिदा शासकको ध्यान खिच्नुको सट्टा सोझासिधा र गरिखाने वर्गमा आन्दोलन र विरोधको असर देखियो भने त्यस्तो संघर्ष र आन्दोलनको औचित्य हुँदैन । अबका दिनमा हुने हरेक आन्दोलन जनताका पक्षमा होऊन, राष्ट्रको पक्षमा होऊन् । न कि राजनीतिक स्वार्थ पूर्ति र व्यक्तिगत पद प्राप्तिका लागि आन्दोलनको दुरुपयोग नहोस् ।

# विद्याकी अधिष्ठात्री माता सरस्वती



**नारायणप्रसाद अधिकारी**



ऋतुराज वसन्तको आगमनसँगै आउने विद्याकी अधिष्ठात्री माता सरस्वतीको जन्मदिन एवं सरस्वती पूजा प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन पर्दछ। सीप, कला, सिर्जना, ज्ञान, बुद्धि, भावना वा मनमस्तिष्कको तरङ्गसँग सम्बन्धित भएको सात्विक शक्तिको नाम हो-सरस्वती। संसारमा दुई वस्तु अविनाशी छन्। ती वस्तु हुन् -शिव र शक्ति। सरस्वतीलाई शक्ति स्वरूपा मानिन्छ किनकि उहाँकै प्रेरणाले हामी कर्तव्यपथमा निरन्तर अघि बढिरहेका हुन्छौं। शक्तिलाई कर्ममा रुपान्तरण गरिरहेका हुन्छौं। शास्त्रीय आधार हेर्दा सरस्वतीलाई ब्रह्माकी छोरी र ब्रह्माकी पत्नी दुबै मानिएको पाइन्छ। सरस्वती पुराणमा सृष्टिकर्ता ब्रह्माले नारी बिना नै सरस्वती सिर्जना गरेको, उनीप्रति आशक्त भएका कारण सरस्वती लुकेकी, गुप्तवासमै सयवर्ष बितेको र उनीहरूबाट स्वयम्भू मनुको सृष्टि भएको उल्लेख गरिएको छ। मनबाट सृष्टि भएको र स्वयं भएको हुनाले उनको नाम स्वयम्भू भनिएको हो। मन र मस्तिष्कको संयोजनबाट जुनसुकै कार्य गर्ने चेतना शक्ति भएकोले मनस् बाट मानिस, मनुष्य, मान्छे, मनुबाट जन्मिएका मनुज भनेर भनिएको हो। यसको पुष्टि यसरी हुन्छ, जसरी मानिसले पहिले आफूले गर्ने कामको योजना मनबाट बनाउँछ। मनमनै योजना सम्पन्न गर्छ ,अनिमात्र (मन अनुरुप) काम गर्न सुरु गर्छ वा चेतनाप्रधान प्राणीमा सर्वश्रेष्ठ मानिस मानिन्छ। हामी मनुबाट जन्मिएका विभिन्न ऋषिका सन्तान। हाम्रो गोत्र तिनैसँग जोडिने गर्छ। हाम्रा पूर्वज मनु नै हुन्। पशिचमाले बाँदरबाट सृष्टि भएको माने, ह्युम्यान भने 'म्यान' ठिक हो 'हुम्यान 'सर्वथा गलत छ।

मत्स्य पुराणमा पनि ब्रह्माको मुखबाट सरस्वती, सान्ध्य र ब्राह्मी त्रिशक्तिको उत्पत्ति भएको उल्लेख गरिएको पाइन्छ। मुखबाट उत्पन्न आफ्नै छोरीप्रति आशक्त बनेका ब्रह्माको पाँचौं शिरले आकाशमा लुकेकी सरस्वतीलाई देखेको र कालभैरवले शिर काटेपछि ब्रह्माको चारवटा शिरमात्र रहेको उल्लेख गरिएको छ। ब्रह्मकपालीको प्रादुर्भाव भएको प्रसङ्गका कथा पनि शास्त्रमा रहेका छन्। वसन्तपञ्चमी कथामा विष्णुको आज्ञा अनुसार ब्रह्माले आफ्नो कमण्डलुको जल पृथ्वीमा छर्किदा भूकम्पसहित देदीप्यमान चतुर्भुजी माता सरस्वतीको उत्पत्ति भएको उनका हातमा रहेको वीणाको नाद सुनेर सारा प्राणीहरूको आवाज आएको प्रसङ्ग पाइन्छ। सरस्वतीको प्रादुर्भावको विषयमा भगवान श्रीकृष्णको मुख(जिब्रो) बाट सरस्वती नदी उत्पन्न भएको मानिन्छ। गङ्गा र सरस्वती श्रापको कारणले नदी भएको प्रसङ्ग रहेको छ।

संसारको सृष्टिको जिम्मा पाएका आदिदेवमा ब्रह्मा पहिलो मानिनु हुन्छ। ब्रह्माजीले आफ्नो कार्यभार मानवलाई जिम्मा लगाउनुअघि नै सरस्वतीको जन्म भएकोले आफ्नै छोरी आफैंले विवाह गर्ने भनेर आलोचना गर्नु तर्कसंगत हुँदैन। पौराणिक कुरा आधुनिक कालमा अक्षरसः कार्यान्वयन गराउन सकिँदैन पनि। ब्रह्माको चार शिर जस्तै चार युग, चार पाउ, चार सृष्टि लोकको जिम्मा दिइएको पाइयो। चार सृष्टिमा अण्डज, उद्भिज , जरायुज र स्वदेज पर्दछन्। अण्डाबाट उत्पत्ति भएका पन्छी, माछा, सर्प,गोही आदि पर्दछन्। उद्भिजबाट उम्रने बोटविरुवा, वनस्पतिहरू पर्दछन्। जरायुजमा मानिस , गाई, पशु आदि पर्दछन्। स्वदेज सृष्टिमा शरीरको पसिना र मयलबाट उत्पन्न हुने जीव परजीवीहरू पर्दछन्। सारस्वत् सात्विक तत्वसँग सम्बन्धित शक्ति सरस्वती मनमस्तिष्कको तरङ्ग र रुद्रघण्टी(स्वरयन्त्री)को नाद र अन्तर्हृदयबाट निस्कने (प्राण वा सास) आवाजकी देवी मानिन्छिन्।

सरस्वतीका भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, भुवनेश्वरी, शतरूपा, वाग्देवी जस्ता नाम रहेका छन्। नाम अनुसार उनका कामहरू पनि रहेका छन्। वर्षमा श्रीपञ्चमी, अक्षय तृतीया र विजया दशमी जस्ता तिथीमा कुनै माङ्गलिक कार्य गर्न वा शुभकर्म गर्न साइत हेरिरहनु पर्दैन। त्यसैले सरस्वतीको दिनसँग सम्बन्धित यो दिन अत्यन्तै शुभ मानिन्छ। यस दिन वसन्त श्रवण गर्ने पनि गरिन्छ। राजा महाराजाको पालादेखि वसन्त श्रवण गरेर नयाँ वर्षको स्वागत गर्ने चलन रही आएको पाइन्छ। राष्ट्रप्रमुखबाट वसन्त श्रवण गर्नाले देशको उन्नति प्रगति हुने जनविश्वास रहेको पाइन्छ। वैदिक कालमा मधुमास लागेपछि वसन्त ऋतु आउँथ्यो। यो नै शैक्षिक वा आर्थिक नयाँ वर्ष पनि मानिन्थ्यो। वैदिक कालमा मधु माधव आदि महिनाहरू पर्दथे। भगवान श्रीकृष्णकी प्रेमिका राधा लगायत उनका सखीले नयाँवर्ष स्वागतमा वसन्त गाएको श्रीमद्भागवत महापुराणमा उल्लेख छ। अहिले आएर वसन्त श्रवण गर्ने चलन हराउँदै गएको पाइन्छ। वसन्तका सूक्तहरू प्रकृतिय समयसँग सम्बन्धित रहेका छन्। यसैदिन रतिकामदेवको पनि पूजा गर्ने चलन छ। पशिचमा संस्कृतिको भ्यालेन्टाइन डे भन्दा उत्कृष्ट पूर्वीय संस्कृतिको यो पूजा अत्यन्तै परापूर्वदेखि चलिआएको पाइन्छ।

विद् भनेको जान्नु हो , वेद भनेको पनि जान्नु नै हो। वेद चारवटा छन्। चारवेद ब्रह्माका चतुर्मुखबाट सृष्टि भएर वेदव्यासले सजिलो पार्न चार भाग लगाएको पाइन्छ। चार वेदमध्ये सामवेदकी देवी सरस्वती मानिन्छन्। सामवेद सङ्गीतसँग सम्बन्धित छ। सङ्गीत मनमस्तिष्कको तरङ्गसँग सम्बन्धित छ। सरस्वती क्षेत्र मनदेखि मस्तिष्कसम्मको तरङ्गीय क्षेत्र मानिन्छ। सरस्वतीको हातमा भएको वीणाको तार हाम्रो स्वरयन्त्रसँग सम्बन्धित छ जसलाई हामी रुद्रघण्टी पनि भन्दछौ। मस्तिष्कको बीचको ठूलो मस्तिष्क ब्रह्माण्डसँग सम्बन्धित छ। सानो मस्तिष्क गणेशसँग सम्बन्धित छ। त्यसको सिङ्गो स्वरुप दुई आँखीभौको बीच जहाँ हामी टीका लगाउँछौं त्यो भाग ब्रह्मासँग सम्बन्धित छ। ब्रह्मले सरस्वतीलाई बताएपछि सरस्वतीले मन मस्तिष्क आत्मा र परमात्माको तरङ्गलाई जोडेपछि मात्र काम सुरु हुन्छ। हामीले राम्रो वा नराम्रो काम गरेको ध्वन्यात्मक रेकर्ड ब्रह्ममा नभई कुनै काम सम्पन्न हुन नै सक्दैन। त्यसैले सरस्वती हरेक काम प्रारम्भकर्ता तरङ्गीय शक्तिस्वरुपा देवी हुन्। श्रीपञ्चमीबाट अक्षर आरम्भ त्यसैले गरिन्छ। नयाँ सङ्गीत साधकका लागि सङ्गीतारम्भ, किसानका लागि कृषिकर्मको आरम्भ लगायत हरेक कार्यारम्भ गर्न यसैदिनलाई शुभ मान्नुको कारण पनि यही नै हो।

सरस्वती शक्ति परिचालक, लक्ष्मी कार्यकारक वा संरक्षक र महाकाली संहारकर्ता शक्तिको रुपमा रहेका हुन्छन्। यसैलाई त्रिगुणात्मक शक्ति पनि मानिन्छ। सरस्वतीले जीवनका अज्ञान , लक्ष्मीले अभाव र महाकालीले अशक्ति नाशका लागि मद्दत गर्दछन्। आधिदैविक , आधिभौतिक र आध्यात्मिक तापनाशक त्रिशक्तिको सेरोफेरोमै स्थावर , जङ्गम, जलचर, स्थलचर, उभयचर, सरीसृप, कीटपतङ्ग, वनस्पतिको चक्र चलिरहेको छ। सारस्वत तत्व अन्य प्राणी र वनस्पतिभन्दा मानिसमा बढी हुनुको कारण हामी ब्रह्माको मनबाट सृष्टि भएकैले हो भन्ने पुष्टि भएको छ। सारस्वत् को अर्थ पूर्ण निष्कर्ष भन्ने हुन्छ। ब्रह्मकर्म गर्नेलाई ब्राह्मण भनिन्छ। सरस्वती ब्रह्मसँग नजिक रहेकी हुन्छिन्। त्यसैले ब्राह्मण बाठा हुन्छन् भनिन्थ्यो। यहाँ जातलाई नभनेर संस्कारलाई भनिएको हो। जीवनको प्रारम्भकर्ता ब्रह्मा, पालनकर्ता विष्णु, संहारकर्ता शिव भनेर शिव(सत्य) लाई पनि त्रिगुणात्मक बनाइएको छ। हाम्रो जीवनको प्रारम्भ बाल्यकाल नै ब्रह्म मानिन्छ। ब्रह्मचर्य विवाह नहुन्जेल रहन्छ। त्यसबेलाको मस्तिष्क कोमल, सक्रीय र सशक्त हुन्छ। सरस्वती कोमल मस्तिष्ककी देवी भएकोले उनलाई ब्राह्मी भनिएको हो। प्रारम्भकर्ती भनेर पनि यसलाई बुझ्न सकिन्छ।

विद्याको महानता सबैले प्रयोग गरेर सुखी होऊन् भनेर दश महाविद्या बताइएको छ। दश महाविद्या दैवीशक्तिसँग सम्बन्धित रहेको छ। दैवी शक्तिका दश महाविद्यामा काली , तारा, षोडशी, भुवनेश्वरी, छिन्नमस्ता, भैरवी, धूमावती, बगलामुखी, मातङ्गी, कमला पर्दछन्। कालीविद्या कल्की अवतारसँग महाकाल शैवसँग सम्बन्धित हुन्छ। जसको शनिग्रह विद्याप्रबल छ उसले यस विद्याको साधना सजिलै गर्न सक्छ। ताराविद्या राम अवतार अक्षोभ्य भैरवशैवसँग सम्बन्धित बुध ग्रहजनित व्यक्तिका लागि उत्तम विद्या मानिन्छ। यसरी हरेक विद्याको आफ्नै स्वरुप , साधना र प्रकार रहेको हुन्छ। कस्तो व्यक्तिका लागि कुन विद्या सफल असफल भन्ने ज्योतिषशास्त्रमा प्रष्ट लेखिएको छ तापनि मानिसले आफू कुन विद्या आर्जनको लागि उपयुक्त छु भनेर आफैंलाई चिन्न नसक्दा दशथरिका हण्डर ठक्कर खाने गर्दछन्। सरस्वतीको सात्विक पूजा उपयुक्त मानिन्छ। पुस्तकको अध्ययन नै सरस्वतीको पूजा हो। जिज्ञासा नै सिकाइको जननी हो। सरस्वतीलाई जुनसुकै धर्ममा पनि मानिन्छ। खासगरी सनातन हिन्दु , बौद्ध, मुस्लिम , जैन लगायतका धर्ममा सरस्वतीलाई अत्यन्तै मानिन्छ। श्रीपञ्चमी मानवीय प्राज्ञिक एकताको पूजा हो। अन्तमा माता सरस्वतीको सम्झनामा यो स्तोत्र-

*रविरुद्र पितामह विष्णुनुतं, हरि चन्दन कुंकुम पङ्कयुतम्।*
*मुनिवृन्द गजेन्द्र समानयुतं तव नौमि सरस्वति पादयुगम्॥*
*शशिशुद्ध सुधा हिमधामयुतं, शरदम्वरबिम्व समान करम्।*
*बहुरत्न मनोहर कान्तियुतं, तव नौमि सरस्वति पादयुगम्॥*
*कनकाब्ज विभूषित भूतिभवं, भवभाव विभावित भिन्नपदम्।*
*प्रभुचित्त समाहित साधुपदं, तव नौमि सरस्वति पादयुगम्॥*
*भवसागर भञ्जन भीतिनुतं, प्रतिपादित संततिकारमिदम्।*
*विमलादिक शुद्ध विशुद्धपदं तव नौमि सरस्वति पादयुगम्॥*
*मतिहीन जनाश्रय पारमिदं सकलागम भाषित भिन्न पदम्।*
*परिपूरित विश्वमनेकभवं तव नौमि सरस्वति पादयुगम्॥*
*सुरयोषित सेवित पादतलं तव नौमि सरस्वति पादयुगम्॥*
*सुर मौलिमणिद्युति शुभ्रकरं विषयादि महाभय वर्णहरम्।*
*निजकान्ति विलोमित चन्द्रशिवं तव नौमि सरस्वति पादयुगम्*
*गुणनैक कुलंस्थिति भीतिपदं गुण गौरव गर्वित सत्यपदम्।*
*कमलोदर कोमल पादतलं, तव नौमि सरस्वति पादयुगम्॥*
*त्रिसन्ध्यं यो जपेन्नित्यं जले वापि स्थलेस्थित:*
*पाठमात्रद्भवेत्प्राज्ञो ब्रह्मनिष्ठ: पुन: पुन:॥*

# लागुऔषध र एचआइभीको सम्बन्ध

**श्रीजत दाहाल**


आजभन्दा १५ वर्षअघि सुईको माध्यमबाट लागुऔषध प्रयोग गर्नेहरूको संख्या ह्वात्तै बढ्यो। प्रयोगकर्ताले साझा सुईबाट लागुऔषध प्रयोग गर्नाले एचाआइभीको जोखिम पनि बढ्दै गयो। देशका विभिन्न जिल्लमा लागुऔषध प्रयोगकर्ताको संख्या बढ्दै गएकाले यसबाट हुने क्षति नियन्त्रण गर्न 'क्षति न्यूनीकरण कार्यक्रम' सञ्चालन गरिँदै आएको छ। यो कार्यक्रम नेपालका पूर्वोत्तर जिल्ला झापा, मोरङ र सुनसरीका अलावा काठमाडौं, ललितपुर, भक्तपुर, बारा, पर्सा जस्ता धेरै लागुऔषधको कारोबार हुने जिल्लामा सञ्चालन हुँदै आएको छ।

ग्लोबल फन्डको सहयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र गृह मन्त्रालयको सहकार्यमा लागुऔषध प्रयोगकर्ताका लागि ओएसटी कार्यक्रम अन्तर्गत मेथाडोन, बुफिनोफिन जस्ता औषधि नि:शुल्क उपलब्ध गराइन्छ। यसले गर्दा पनि साझा सुईको प्रयोग तथा सुईबाट लागुऔषधको प्रयोग गरेको पाइन्छ। सुईबाट लागुऔषधि लिनेको संख्या घट्दो छ तर मुखबाट लागुऔषध सेवन गर्नेको संख्या भने बढ्दो छ। खुला सिमानाका कारण पूर्वी नेपालमा लागु औषध प्रयोगकर्ताहरूको संख्या बढ्दो देखिन्छ। प्रयोग मात्र नभई यसको कारोबार पनि बढेको छ। कोरोनाको कहरमा भारततर्फको नाका बन्द भए पनि लागुऔषध कारोबार भने बन्द भएन। ओसारपोसारको कार्य अहिले पनि निरन्तर नै छ।

## सुधार केन्द्रहरूको भूमिका

धरानमा लागुऔषध प्रयोगकर्ताको संख्या बढेसँगै धरानमा सुधार केन्द्रहरूको पनि स्थापना भयो। यहाँ सबैभन्दा धेरै पहिले किरात याक्थुङ चुम्लुङ पुनर्जीवन केन्द्रले धरानमा सुधार केन्द्रको सुरुवात गऱ्यो। २०५२ साल फागुन १५ गतेबाट काठमाडौं उपत्यका बाहिर पहिलो पटक सुधार केन्द्र किरात याक्थुङ चुम्लुङ पुर्नजीवन स्थापना भएको हो।

त्यसछि धरानमा आधा दर्जनको हाराहारीमा लागुऔषधको कुलतबाट मुक्त भएर सुध्रिएका युवाहरूको समूह रिकभरिङ नेपाल बन्यो। एचआईभी संक्रमितहरूले अधिकारको क्षेत्रमा काम गर्ने संस्था धरान पोजेटिभ ग्रुप, प्रयास महिला समूह लगायतका संघसंस्थाहरूको स्थापना भयो। करिब आधा दर्जन पुनर्स्थापना केन्द्रहरू पनि स्थापना भए। यी सुधार गृहहरूले पनि लागुऔषध नियन्त्रण र न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्न सफल भएका छन्। योसँगै ती पुनर्स्थापना केन्द्रहरूले एचआइभी एड्सको



बारेमा पनि जनचेतना जगाउने कामहरू गर्दै आएका छन्।

हाल पनि धरानमा सञ्जिवनी सुधार केन्द्र, नयाँ क्षितिज सुधार केन्द्र र कियाजु पुनर्जीवन केन्द्रको सुधार केन्द्रसँगै पछिल्लो समय धरानमा स्थापना भएको आसरा सुधार केन्द्र छन्। यी सुधार केन्द्रहरूले पनि लागुऔषध प्रयोग गरिरहेका र लागुऔषधको कुलतमा फसेकाहरूलाई उपचार गरी परिवारमा पुनर्स्थापना गर्ने काम गरिरहेका छन्।

## एचआइभी/एड्स संक्रमितहरूको मृत्युदर

हाल एचआइभी संक्रमितहरू अधिकांश लागुऔषध प्रयोगबाट नै संक्रमित भएको पाइन्छ। धेरैजसो सामान्य परिवारका र केही सम्पन्न परिवारका छन्। केही समय यता नेपाली सेना र भारती सेनामा काम गर्नेहरूमा पनि एचआइभी संक्रमण भएको पाइएको छ। सुनसरीमा अधिकांशजसो संक्रमित महिला गृहिणी छन्। उनीहरूलाई श्रीमानबाटै एचआइभी सरेको पाइएको छ। श्रीमान पूर्व लागुऔषध प्रयोगकर्ता रहेको र वर्तमानमा वैदेशिक रोजगारीको सिलसिलामा विदेशबाट फर्किएका पुरुषका श्रीमतीहरूमा एचआइभीको संक्रमण दर उच्च देखिन्छ। जसका कारण नवजात शिशुमा समेत एचआइभी पोजेटिभ देखिएको छ।

पछिल्लो समय लागुऔषध प्रयोगकर्ताहरूमा एचआइभीको संक्रमण दर उच्च नदेखिए पनि गृहिणी महिलामा भने एचआइभी संक्रमणको दर उच्च रहेको छ। विशेषगरी वैदेशिक रोजगारीमा जाने पुरुष असुरक्षित यौन सम्पर्क गर्ने गरेका कारण उनीहरूमा एचआइभी संक्रमण वृद्धि भएको पाइएको एक अध्ययनले देखाएको छ। सुनसरीमा एचआइभी संक्रमितहरूको मृत्युदर भने न्यून पाइएको छ।

सुनसरीमा एचआइभी संक्रमितहरूले सहज रुपमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, इनरुवा अस्पतालमा उपचार सुविधा पाउँदै आएका छन्।

## एचआइभी संक्रमितको उपचार

एचआइभीकै उपचार हालसम्म पत्ता लागेको छैन। तर उनीहरूमा हुनसक्ने र हुने अन्य रोगहरूको मात्रै उपचार हुने गर्छ। संक्रमितहरूलाई देशभर ग्लोबल फन्डको सहयोगमा नि:शुल्क एआरटी औषधि वितरण गरिन्छ। नेपालभर ७७ वटै जिल्लामा एआरटी सेन्टर सञ्चालनमा छन्। धरानमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, इनरुवा अस्पतालबाट नि:शुल्क एआरटी औषधि वितरण गरिन्छ। औषधिले एचआइभी संक्रमितहरूको रोग प्रतिरोधात्मक क्षमताको विकास गर्छ। साथै बिपी प्रतिष्ठानमै सिडिफोर काउन्ट पनि गर्ने गरिन्छ। सिडिफोर काउन्टले संक्रमितहरूको शरीरमा कत्तिको सेलहरू घटिरहेका छन् भनी जाँच गर्दछ। उक्त मेसिन पनि बिग्रिरहने भएकाले सुनसरीका संक्रमितहरूले समस्या झेल्नुपरेको छ। एचआइभी/एड्सको भाइरस शरीरमा कति छ भनी परीक्षण गर्न भाइरल लोड गरिन्थ्यो र संक्रमितहरूको रगत संकलन गरेर रगतको नमुना काठमाडौं पठाउने गरिन्थ्यो। भाइरल लोडको रगत संकलन पूर्वको कोशी अञ्चल अस्पतालमा मात्र हुन्थ्यो।

ग्लोबल फन्डको सहयोगमा एक करोडभन्दा बढी रकम पर्ने भाइरल लोड जाँच गर्ने उपकरण कोशी अञ्चल अस्पतालमा ल्याएको एक वर्षपछि सञ्चालनमा आएको छ। उक्त उपकरण सञ्चालन भएपछि एचआइभी संक्रमितले चाँडै रिपोर्ट पाउने र सरल तरिकाले उपचार पाएका छन्। यो सुविधा पूर्वमा नहुँदा संक्रमितहरूले ठूलो समस्या झेल्नु परेको थियो। नमुना दिएको एक/दुई महिनापछि मात्र रिपोर्ट आउने गर्दथ्यो। उक्त उपकरणबाटै कोभिडको पिसिआर परीक्षण पनि हुने भएकाले धेरै सहज भएको छ।

पूर्वमा एचआईभी संक्रमित आमाहरूको पिएमटिसिटी सेवा निकै प्रभावकारी भएको मानिन्छ। काठमाडौं उपत्यका बाहिर धरानको बिपी प्रतिष्ठानमा मात्रै यो सेवा उपलब्ध छ। देशभरिबाट पिएमटिसिटीका लागि संक्रमित आमाहरूलाई प्रतिष्ठान पठाउने गरेको पाइन्छ।

पिएमटिसिटी सेवा संक्रमित आमाबाट जन्मिने बच्चामा एचआइभी संक्रमणबाट सुरक्षित गराउने उपचार पद्धति हो। यो सँगै संक्रमित आमाबाट जन्मिएको बच्चाको इआइडी टेस्टिङ पनि धरानमै हुन्छ। बिपी प्रतिष्ठान धरान संक्रमितहरूको उपचारका लागि राम्रो सुविधा भएको अस्पतालका रुपमा परिचित छ।

*(दाहाल किरात याक्थुङ चुम्लुङ पुनर्जीवन केन्द्रमा लागुऔषध कार्यक्रमको वरिष्ठ कार्यक्रम संयोजकको रुपमा कार्यरत छन्।)*

# विराट राजाको दरबारको गुरुयोजना बन्ने



**टुडे एक्सप्रेस** / विराटनगर

विराटनगर महानगरपालिकाले विराट राजाको दरबार बनाउने अभियानलाई पूर्णता दिन अन्तिम कसरत गरिरहेको छ । यसका लागि पुरातात्विक विभागसँगको सहकार्यले मूर्तरूप पाउने अपेक्षा गरिएको छ। महानगरले आइतबार पुरातात्विक विभागका पदाधिकारी तथा विराटनगरका विज्ञसँग सुझाव सङ्कलनसमेत गरेको छ।

पुरातत्वका विषयमा दखल राख्नेले बनाएको गुरुयोजनामाथि विभिन्न धार्मिक तथा बौद्धिक व्यक्तित्वले बहस गरेका छन्। लेखक तथा पुरातात्विक संरक्षण अभियानकर्मी लोकेन्द्रकुमार मल्ल, पण्डित भवानी शङ्कर निरौला, लक्ष्मीनारायण मन्दिर पाञ्चालिका पीठाधीश अच्युत प्रपन्नाचार्य, धार्मिक वक्ता रामानुज नेपाल, वास्तुविद् तथा शहरी योजनाकार पुरुषोत्तम डङ्गोल, शहरी योजनाकार उनम प्रधान, नेकपाका युवा नेता सागर थापा, नेपाली कांग्रेस नगरका कार्यवाहक सभापति अरुण न्यौपाने, साहित्यकार तथा समालोचक दधिराज सुवेदी, उद्योगी तथा व्यवसायी सुजन थापालगायतले आ-आफ्ना सुझाव दिए।

महानगरपालिका प्रमुख भीम पराजुलीले विराट राजाको दरबारको संरक्षणसहित विकास गर्ने मुख्य योजनाका रूपमा अगाडि बढेको जानकारी दिए । पद्रातात्विक महत्वका वस्तद्रलाई आधद्रनिकतासँग जोडेर त्यस क्षेत्रको विकास गर्ने योजना रहेको प्रमद्रख पराजद्रलीले उल्लेख गरे । आफ्नो कार्यकालमा यो अभियानको शद्ररुआत गर्ने भन्दै प्रमद्रख पराजद्रलीले उत्खननबाट फेला परेका विराट राजासँग सम्बन्धित वस्तद्रको सङ्ग्रहालयदेखि आधद्रनिक सद्रविधासहितको पार्क, खानपानका लागि व्यवस्थित फुडस्टल र विराटकालीन इतिहासको प्रदर्शन गर्ने डिजिटल हललगायत संरचना निर्माण गर्ने लक्ष्य महानगरले राखेको बताए।

कार्यक्रममा विराटनगर महानगरका प्रमुख प्रशासकीय अधिकृत इन्द्रमणि पोखरेल, विराटराजाको दरबार निर्माण समितिका संयोजक सुरेन्द्र गोल्छा, जसपाका नगर अध्यक्ष मो नसरुल, वडाध्यक्षहरू विनोद बस्नेत, देवेन्द्र पोखरेल, राजदेव यादव, धार्मिक अभियानकर्मी अनन्त पराजुलीलगायतको सहभागिता रहेको थियो।

प्राचीन राजदरबारको भग्नावशेष र यसको ऐतिहासिकता महाभारतकालीन भएको मानिन्छ। धार्मिक ग्रन्थमा समेत यो क्षेत्रबारे वर्णन छ । पाण्डव वनवासपछि एक वर्ष गुप्तवासका लागि विराट राजाको दरबारमा आई बसेका थिए । उस बेलाको ३०/४० कोठाको दरबार र मन्दिर जमीनमुनि रहेको विश्वास गरिन्छ । यसको सम्पूर्णरूपमा उत्खनन भने भएको छैन । प्रमुख पराजुलीकै पहलमा पुरातत्व विभागले सूचीमा दर्ज भने गरेको छ। यसको निर्माणका लागि पुरातत्व विभागले पूर्णरूपमा अनुमति दिनुपर्ने हुन्छ । त्यसका लागि अन्तिम प्रयास भइरहेको छ।

विराट राजाको दरबारलाई संरक्षण, सम्वर्द्धन गर्न तथा यसको आधुनिकतासँग जोड्न बृहत् गुरुयोजना बनाउने र विज्ञको सुझावका आधारमा काम थाल्ने गरी प्रयास भइरहेको बताइएको छ । विराटनगर रानी भन्सारदेखि केही पूर्व भेडियारीस्थित रहेको सो दरबार उचित संरक्षण, हेरचाह तथा लगानीको पर्खाइमा छ।

# मदरसा बनाउन हिन्दूले गरे जग्गादान



**टुडे एक्सप्रेस** / झापा

झापाको विर्तामोड नगरपालिका-३ मा मुस्लिम समुदायका बालबालिकाले अध्ययन गर्ने धार्मिक विद्यालय मदरसा निर्माणका लागि एक हिन्दू समाजसेवीले जग्गादान गरेका छन्।

मदरसा निर्माणका लागि समाजसेवी विष्णुमाया प्रसाईंले रु १५ लाख मूल्य पर्ने १२ धुर जग्गा दान दिएको प्रदेशसभा सदस्य एकराज कार्कीले जानकारी दिए । अरु जग्गा सहुलियत मूल्यमा खरिद गरेर आठ कठ्ठा जग्गा पुर्याइने र मदरसा भवन निर्माण गरिने मदरसाका प्रमुख अफरोज खानले बताए।

हाल स्थानीय मस्जिदमा कक्षा ४ सम्म मदरसा सञ्चालन हुँदै आएको छ । जग्गा प्राप्त भएको समावेशी टोलमा कक्षा १२ सम्म पठनपाठन हुनेगरी मदरसाको भवन निर्माणका लागि सबै धार्मिक समुदायका दाताहरूलाई आह्वान गरिएको अध्यक्ष खानले बताए । सो क्षेत्रमा मुस्लिम समुदायका १५० परिवार बसोबास गर्दै आएको छ।

नजिक कुनै विद्यालय नभएको हुँदा मुस्लिम समुदायका सबै बालबालिकालाई शिक्षाको पहुँचमा पुर्याउन मदरसा स्थापना गरिएको वडाध्यक्ष भोजराज सिटौलाले बताए।

समाजसेवी प्रसाईं हिन्दू समुदायका छन्। उनको जग्गादानले नेपाली समाजमा परापूर्वकालदेखि कायम रहँदै आएको हिन्दू-मुस्लिमबीचको सामाजिक सद्भाव र धार्मिक सहिष्णुतालाई उजागर गरेको स्थानीय पत्रकार विजय बरालले बताए। जग्गादाता प्रसाईंलाई आइतबार एक समारोहबीच मदरसाले सम्मान गरेको छ।

मुस्लिम समुदायका बालबालिका शिक्षाको उज्यालोबाट वञ्चित हुन नपरोस् भनेर मदरसा सञ्चालनका लागि आफूले जग्गा दान गरेको उनको भनाई छ।

## एक रुपैयाँ दान अभियान सुरु

यसैबीच झापाको अर्जुनधारा-१ स्थित साधुटार गुरुकुलमा आर्थिक अभाव भएपछि सञ्चालकहरूले एक रुपैयाँ दान अभियान शुरु गरेका छन् । प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनाले पाँच वर्षसम्म दैनिक एक रुपैयाँका दरले हुने रकम दान गर्दै शनिबार अभियानको शुरुआत गरे।

गुरुकुलका प्राचार्य लक्ष्मीप्रसाद खतिवडाले आगामी पाँच वर्षभित्रमा एक रुपैयाँ दान अभियानबाट संस्थालाई रु ११ करोड सहयोग सङ्कलन गर्ने लक्ष्य लिइएको बताए । इलाम जिल्लाको सिमानामा प्राकृतिकरूपमा रमणीय स्थानमा चार बिघा क्षेत्रफलमा साधुटार धार्मिक पर्यटकीय स्थल रहेको छ। शङ्कराचार्य पीठका रूपमा प्रख्यात सो स्थानमा सञ्चालित गुरुकुलमा एक सय विद्यार्थीले अध्ययन गर्दै आएका छन्।

धार्मिक पर्यटकको दानबाट प्राप्त हुने स्रोतबाट नै गर्जो टार्दै आएको गुरुकुल कोभिड-१९ को विश्वव्यापी महामारीबाट आर्थिक सङ्कटमा फँसेपछि सहयोग सङ्कलनका लागि एक रुपैयाँ दान अभियान शुरु गरिएको गुरुकुलका प्राचार्य खतिवडाले बताए।

# सञ्चालनमा छैनन् अधिकांश सिसीटिभी



**टुडे एक्सप्रेस** / भरतपुर

जिल्लाका सार्वजनिक क्षेत्रमा जडान गरिएका अधिकांश सिसीटिभी क्यामरा बिग्रिएका छन्। सरकारी निकायको आवश्यक समन्वय र चासो नहुँदा सिसीटिभी मर्मत हुन नसकेका हुन्।

सिसीटिभी सञ्चालन नहुँदा आपराधिक घटना भइहाले अपराधीलाई चाँडो पक्राउ गर्न र जनतालाई शान्ति सुरक्षाको अनुभूति दिलाउन प्रहरीलाई समस्या हुने गरेको छ। प्रहरीले सिसीटिभीको अभावले काममा कठिनाइ भएको बताउँदै आएको छ । जिल्लामा हालसम्म ४० वटा सिसीटिभी सडकमा जडान भएका छन् । तीमध्ये १४ वटामात्र सञ्चालनमा छन् । त्यही पनि सामान्य खालका मात्र छन्।

जिल्लामा थप ४२ स्थानमा सिसीटिभीको अतिआवश्यकता पहिचान गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले जानकारी दिए। भरतपुर महानगरपालिकाको २९ स्थान, रत्ननगरपालिकाको सात स्थान र खैरहनीको छ स्थानमा थप सिसीटिभीको अतिआवश्यकता पहिचान गरिएको हो।

हाल जिल्लाका ४० स्थानमा रहेका सिसीटिभीमध्ये भरतपुर महानगरपालिकाको ३७ स्थान, इच्छाकामना गाउँपालिकाको मुग्लिन र कालिका नगरपालिकको जुटपानीमा रहेको छ।

थापाका अनुसार सिसीटिभीको अभाव हुँदा शान्ति सुरक्षा कायम गर्न र अपराध अनुसन्धान गर्न जटिल हुने गरेको छ । यस्तै ट्राफिक व्यवस्थापन तथा दुर्घटना हुँदाको अवस्था बुझ्न पनि ट्राफिक प्रहरीलाई अप्ठ्यारो भएको छ । विभिन्न अनुसन्धान गर्नका लागि कुनै पसलले वा अफिसले राखेको सिसीटिभीमा गएर प्रहरीले हेर्नुपर्ने अवस्था रहेको थापाले बताए।

"जिल्ला प्रवेश गर्ने कद्रनै नाकामा सिसीटिभी छ भने कद्रनैमा छैन, भएका पनि आधद्रनिक छैनन्", उनले भने। पद्रलचोक र मुग्लिनमा सिसीटिभी छन् भने फिसलिङ र लोथरमा छैनन् । अर्को जिल्ला प्रवेश नाका माडी भए पनि उक्त स्थानलाई हाल अतिआवश्यकमा नसमेटिएको थापाले जनाए। "थप पहिचान गरिएका स्थानमा सिसीटिभी नभई हुँदैन भनिएको हो। त्यति भए यथेष्ट हुन्छ भन्ने होइन", थापाले भने।

सडकमा जडान गरिएका सिसीटिभीको कन्ट्रोल रुम प्रहरी कार्यालयमा राखिन्छ तर सिसीटिभी राख्ने काम सरकारले गर्नुपर्ने हुन्छ। विशेषगरी सिसीटिभी जडान तथा मर्मत गर्ने काम स्थानीय सरकारको हुन्छ । स्थानीय सरकार तथा सङ्घीयता आउनुअघि विभिन्न सङ्घसंस्था तथा सडक डिभिजनको समन्वयनमा सिसीटिभी जडान गरिने गरिएको भए पनि हाल उक्त काम हुन सकेको छैन। चितवनका स्थानीय सरकारले भएका सिसीटिभी पनि मर्मत गर्न सकेका छैनन् भने नयाँ जडानको काम थाल्न पनि सकेका छैनन्।

जिल्लामा प्रहरीको दरबन्दी सङ्ख्यासँगै प्रविधिको पनि अभाव रहेको थापाको भनाइ छ । हाल जिल्ला ट्राफिक प्रहरीसहित ७५० प्रहरी रहेका छन् । प्रहरी सङ्ख्या र प्रविधि दुवैको अभाव भए पनि चितवन प्रहरीले सक्रियताका साथ काम गरिरहेको थापा बताउँछन्। भरतपुर महानगरपालिकाका प्रवक्ता अरुणपीडित भण्डारीले सिसीटिभी राख्ने जिम्मेवारी महानगरपालिकाको नभई सडक विभागको भएको बताए।

यदि बिग्रेको कुरा जानकारी गराएमा अन्य निकायसँग मिलेर मर्मतसम्भारमा समन्वय गर्न सकिने उनले बताए । यद्यपि सडक डिभिजन कार्यालयका प्रमुख कृष्णराज अधिकारीले स्थानीय सरकार आएपछि यो काम स्थानीय निकायको भएको बताए। उनले भने, "अरु जिल्लामा पनि स्थानीय निकायले नै त्यो काम गरिरहेका छन्।"

# साना-साना खुसीको अपेक्षा

**दुर्गा देवकोटा** / टीकापुर

कैलालीको जानकी गाउँपालिकाकी शुभेच्छा मगरले श्रीमान्बाट ठूलो सहयोगको अपेक्षा गरेकी छैन । शुभेच्छालाई आफू दिनभरि घरको कामले थाकेका बेला श्रीमान्ले साना-साना काममा सघाइदिए पुग्छ । उनलाई बच्चा विद्यालय पठाउन तयार गरिदिने, बच्चालाई खाना खुवाइदिए पनि खुशी मिल्थ्यो । "म घरको कामले थाकेकी हुन्छु। म पनि जागीर गर्छु, श्रीमान् पनि जागीरे हुनुहुन्छ, तर मैले घरको काम पनि सम्हाल्नुपर्छ", शुभेच्छाले भनिन्, "अफिसबाट फर्केपछि घरको काम मिलेर गर्न पाए कति खद्रशी मिल्थ्यो तर उहाँ केही गनर्द्रहद्रन्न। मलाई कहिलेकाहीँ बच्चाको काम सघाएदिए पनि खद्रशी मिल्छ।"

शुभेच्छाका श्रीमान् मनबहादुर मगरलाई घरको काम गर्न लाज लाग्छ । "कहिलेकाहीँ श्रीमती थाकेको देख्दा दया लाग्छ तर काम गरेमा छिमेकीले कुरा काट्छन्", मनबहादुरले भने, "म भान्सामा खाना पकाउने काममा सघाउथेँ, एकदिन पल्लो घरका काकाले श्रीमतीको नोकर बनेर बसेको भने अनि चटक्क छोडेँ। चाहेर पनि सघाउन मन लाग्दैन।" जानकी-७ की तीर्था चौधरीलाई पनि घरमा गरिने काममा पुरुषको साथ आवश्यक लाग्छ । "महिला एक्लै काममा हुन्छन् । दिनभरि काम गरेर थाक्छन्", तीर्थाले भनिन्, "कहिलेकाहीँ पद्ररुषले लद्रगा मिलाइदिए, सरसफाइमा सघाए हद्रन्थ्योजस्तो लाग्छ। आफ्ना लद्रगा आफैँ धुने, मिलाउने काम गरे पनि सहयोग पुग्छ।"

घर श्रीमान्-श्रीमती दुवैको हो । घरको काम पनि दुवैको जिम्मेवारी हो तर हाम्रो समाजमा घरको काममा सघाउने पुरुष कमै भेटिन्छन्। जानकीकै आशु चौधरीको पनि श्रीमान्सँग धेरै आशा छैन । "ठूलो सहयोग चाहिएन, तरकारी बारीबाट टिपिदिए, केलाइदिए, पानी बोकिदिए पनि म त खुशी हुन्छु", उनी भन्छिन्, "पद्ररुषले पनि सरसफाइको काम गनर्द्रपर्छ । घर दद्रवै मिलेर चलाउनद्रपर्छ भनी पद्ररुषलाई बद्रझाउन आवश्यक छ।"

जानकी-७ का वडा सदस्य वीरमा विक समाजमा घरको कामको बोझ महिलालाई बढी हुनुले पनि हिंसा बढाएको बताउँछिन्। "महिला दिनभरि थाकेका हुन्छन् अझ पुरुषले मदिरा खाएर कुटपिट गर्छन्", विकले भनिन्, "महिलाको श्रमको मूल्य छैन । त्यसमाथि पुरुषले गर्ने हिंसाका कारण महिलाको विकास हुन सकेको छैन।"

शिक्षिका रेश्मा भट्ट घरको कामबाट फद्रर्सद नपाउने भएर महिलाले सामाजिक काममा समय दिन कठिन हुने गरेको बताइन्। "कलिलैमा विवाह गरिदिन्छन्, भविष्य बनाउने समय सन्तान उत्पादन, घरधन्दामा बित्छ", उनी भन्छिन्, "जसले श्रीमान्को साथ पाए, उनीहरू सफल भएका उदाहरण पनि छन् । जसले साथ पाएनन् उनीहरू घरबाट उम्कन पाउँदैनन्।"

समाजशास्त्री शिवचरण चौधरी घरायसी कामको जिम्मेवारी महिलालाई मात्र दिइनु गलत भएको बताउँछन्। "हाम्रो समाजले छोरीलाई संस्कारी हुनुपर्छ, लजालु हुनुपर्छ भन्ने सिकाएको छ तर छोरा पनि संस्कारी हुनुपर्छ, घरको काममा सघाउनुपर्छ भनी सिकाएको छैन", उनले भने, "छोरालाई पनि संस्कार र जिम्मेवारी सिकाउन आवश्यक छ । लैङ्गिक समानता र समाज विकासका लागि छोरालाई पनि जिम्मेवार बनाउन अभिभावकले ध्यान दिनुपर्छ।" *रासस*

# दुई ठूला योजना कार्यान्वयनको चरणमा




**टुडे एक्सप्रेस** / नेपालगञ्ज

प्रदेश ५ सरकारले प्राथमिकता दिएका दुई योजना कार्यान्वयनको चरणमा पुगेपछि बाँकेको बैजनाथ गाउँपालिकाका सर्वसाधारण हर्षित भएका छन् । केन्द्रसहित प्रदेश सरकारले बैजनाथमा रु छ अर्ब लगानीमा औद्योगिक क्षेत्र प्रस्ताव गरेको छ। निर्माणाधीन औद्योगिक क्षेत्रमा ३३८ बिघा क्षेत्रफल छ। औद्योगिक क्षेत्र निर्माणका लागि जग्गा अधिग्रहण र डिपिआरको काम सकिएपछि अहिले वातावरण प्रभाव मूल्याङ्कनको काम र कस्ताखाले उद्योग आवश्यक पर्ने सम्बन्धमा समेत सर्वेक्षण भइरहेको छ। भौतिक संरचना निर्माणका लागि नक्साङ्कनदेखि अन्य प्राविधिक पक्षका लागि कन्सल्टेन्टलाई जिम्मेवारीसमेत दिइसकिएको छ । नौवस्ता औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहने यस क्षेत्रका उद्योगीसँग नेपालगञ्ज औद्योगिक क्षेत्र व्यवस्था कार्यालयले आशयपत्र माग गरेकामा अहिलेसम्म २०० भन्दा बढी आशयपत्र प्राप्त भइसकेको छ।

नेपाल सरकारको योजनाअनुसार औद्योगिक क्षेत्रमा प्रत्यक्ष रोजगारको अवस्था सिर्जना हुने करिब २०० ठूला र मझौला उद्योग स्थापना गरिने नेपालगञ्ज औद्योगिक क्षेत्र व्यवस्था कार्यालयका प्रमुख कृष्णबहादुर पुनले बताए। उनका अनुसार सो औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहने उद्योगीका लागि कम्तीमा पाँचदेखि १० वर्षसम्म आयकर छुट सुविधा दिने, कम्तीमा पाँच वर्ष लिजलेन्ट लिन नहुने र बैंकिङ सुविधा दिनुपर्ने सुझाव सरकारलाई दिइएको छ । अहिले नेपालगञ्ज बजारको मध्यभागमा सञ्चालनमा रहेको 'नेपालगञ्ज औद्योगिक क्षेत्र'ले प्रतिकूल वातावरणीय प्रभाव परेका कारण पनि शहरबाहिर औद्योगिक क्षेत्र स्थापना गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको हो । नेपालगञ्ज औद्योगिक क्षेत्रमा रहेको उद्योगबाट निस्कने धुँवा र मेशिनको चर्को आवाजका कारण औद्योगिक क्षेत्र सार्नुपर्ने माग वर्षौंदेखि उठ्दै आएको थियो। बाँकेको नौवस्तामा ठूलो क्षमताको औद्योगिक क्षेत्र स्थापना भएपछि पनि नेपालगञ्ज औद्योगिक क्षेत्रका उद्योग आवश्यकताअनुसार त्यहाँ स्थानान्तरण गर्न सकिने प्रमुख पुन बताउँछन्। नौवस्तामा औद्योगिक क्षेत्र स्थापना भयो भने यसले प्रदेश ५, सुदूरपश्चिम र कर्णाली प्रदेशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्याउने र वस्तु उत्पादनमा मुलुक केही हदसम्म आत्मनिर्भर पनि हुने विश्वास गरिएको छ।

त्यसैगरी प्रदेश सरकारकै अर्को महत्वपूर्ण योजना मानसरोवर पार्कको निर्माण पनि बैजनाथ गाउँपालिकामा शुरु भएको छ। चीनको तिब्बतमा रहेको हिन्दूहरूको आस्थाको केन्द्र तीर्थस्थल मानसरोवरको प्रतीकसहित गाउँपालिकाको वडा ६ मा बोटानिकल गार्डेनसहित मानसरोवर पार्क निर्माण हुन लागेको हो । विकासका दृष्टिले पछि परेको गाउँपालिकामा ठूला योजना शुरु भएपछि स्थानीयवासी खुशी भएको गाउँपालिकाका अध्यक्ष मानबहादुर रुचालले बताए। न्यू हरियाली सामुदायिक वन उपभोक्ता समूहको जङ्गल हाताभित्र निर्माण गरिने मानसरोवर पार्कको केही दिनअघि शिलान्यास गर्दै मुख्यमन्त्री शङ्कर पोखरेलले पार्क प्रदेश सरकारको प्राथमिकताको योजनाभित्र परेको बताएको थियो।

भारतमै सुरु भयो विरोध

# नेपालमा बीजेपी विस्तार गर्ने गृहमन्त्री शाहको योजना



**टुडे एक्सप्रेस**

नेपाल र श्रीलंकामा पनि भारतीय जनता पार्टी (बीजेपी) को संगठन बिस्तार गरेर सरकार बनाउनुपर्ने कुरा भारतका गृहमन्त्री तथा बीजेपीका पूर्व राष्ट्रिय अध्यक्ष अमित शाहले गरेकै हुन् ? आन्तरिक बैठकमा अमित शाहले भारतका सबै प्रदेशमा जितेरमात्र पुग्दैन श्रीलंका र नेपालमा जित्न बाँकी नै छ भनेको भनी त्रिपुराका मुख्यमन्त्री बिप्लव देवले सार्वजनिक रुपमा बोलेपछि यसले भारतमा तरंग सिर्जना गरेको छ।

लामो समय कम्युनिष्टको गढ रहेको त्रिपुरामा बीजेपीले सरकार बनाएको र अन्य प्रदेशमा पनि जितिरहेकोमा उत्साहित हुँदै एक आन्तरिक छलफलमा नेताहरूले शाहको प्रशंसा गरेपछि उनले भारतमा मात्र जितेर नपुग्ने बताएका थिए। यद्यपी शाहले यो कुरा सार्वजनिक रुपमा भनेको नभई उनको भनाई उदृत गर्दै त्रिपुराका मुख्यमन्त्रीले बोलेका हुन्।

शाहले यसबारे कुनै प्रतिक्रिया दिएका छैनन् तर भारतीय प्रमुख विपक्षी कांग्रेस आई र कम्युनिस्ट पार्टीले आपत्ति जनाउँदै तत्काल माफी माग्नुपर्ने बताएका छन्। कांग्रेस आइले शाहको अभिव्यक्ति भनी विप्लव देवले बोलेको कुरा भारतीय विदेश नीतिमा क्षति पुऱ्याउने खालको भएको भन्दै विरोध गरेको छ।

कांग्रेस नेतृ सुप्रिया श्रीनातेले हिन्दुस्तान टाइम्समा शाहलाई लक्षित गर्दै भनिन्- 'नेपाल र श्रीलंकामा जननिर्वाचित सरकार छन्। लोकतन्त्र छ। तपाइँहरू त्यहाँ कू गर्ने कुरा गर्दै छन्। एउटा लोकतन्त्रले अर्को लोकतान्त्रिक देशमा सरकार बनाउने कुरा गर्दैछ। विप्लव देवजीले बेबकुफी कुरा गरेका छन् र यसले दुष्परिणाम निम्त्याउँछ।'

कांग्रेस नेतृले यसलाई डिप्लोम्याटिक ब्लण्डर बनेकी छन्। 'उक्त अभिव्यक्तिले हाम्रो विदेश नीति र कुटनीतिक सम्बन्धलाई क्षति पुऱ्याउँछ' श्रीनातले भनिन्, 'सरकारले खुलेरै यो अभिव्यक्तिप्रति नेपाली नागरिकसँग मात्र हैन निर्वाचित सरकारसँग हात जोडेर माफी माग्नुपर्छ अन्यथा यो ठूलो गल्ती साबित हुनसक्छ।'

डोनाल्ड ट्रम्पको पक्ष लिएर भारतले अमेरिकी राष्ट्रपति चुनावमा गल्ती गरेको र अहिले पनि मूल्य तिरिरहेको प्रसंग निकाल्दै श्रीनातेले त्यो गल्ती नदोहोऱ्याउन सुझाव दिइन्। त्रिपुराका मुख्यमन्त्री विप्लव देवले शनिबार गृहमन्त्री एवं बीजेपीका पूर्वअध्यक्ष शाहले नेपाल र श्रीलंकामा बीजेपी विस्तार गरेर सरकार बनाउनुपर्छ भन्ने अभिव्यक्ति पार्टीको एक आन्तरिक भेटघाटमा दिएको बताएका थिए।

'भारतका सबै राज्यमा चुनाव जितेर नेपाल र श्रीलंकामा पनि सरकार बनाउनुपर्छ भनेर उहाँले भन्नुभएको थियो,' रविन्द्र शतवार्षिकी भवनको भ्रमणका क्रममा देवले भनेका थिए। विश्वमा कम्युनिष्ट पार्टीको कीर्तिमानलाई तोडेर आफ्नो नेतृत्वमा बीजेपीलाई ग्लोबल पार्टी बनाउनुपर्छ भनेर शाहले भनेको समेत देवले उल्लेख गरेका थिए।

शाहको यस्तो अभिव्यक्तिलाई लिएर भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) नेता एवं पूर्वसांसद जितेन्द्र चौधरीले विरोध गरेका छन्। 'मुख्यमन्त्रीलाई संविधान र लोकतन्त्रको ज्ञान छैन। शाहको अभिव्यक्तिले विदेशी मुलुकको आन्तरिक मामिलामा भारतीय हस्तक्षेपको सन्देश जान्छ,' उनले भने।

चौधरीले गृहमन्त्री शाहले नेपालविरुद्ध राज्य षड्यन्त्र गरेको आरोप समेत लगाएका छन्।

उनले शाहको अभिव्यक्तिलाई भारतीय जनता पार्टी र प्रधानमन्त्री नरेन्द्र मोदीले समेत जिम्मेवारी लिनुपर्ने बताएका छन्। त्रिपुरा कांग्रेसका उपध्याक्ष तपस देले शाहको अभिव्यक्तिले उपनिवेशवादी मनोविज्ञानलाई चित्रण गरेको बताएका छन्।

'जुन उपनिवेशवादका विरुद्ध भारत लडिरहेको छ, त्यही कुरा अरुमा लाद्नु राम्रो होइन' देले भनेका छन्। भारतले नेपाल र श्रीलंकाको सार्वभौमसत्तामाथि हस्तक्षेप गर्न नसक्ने पनि उनले बताएका छन्। *- नेपाल प्रेस*

# भारतले इंग्ल्यान्डलाई दियो ४८२ रनको लक्ष्य

**टुडे एक्सप्रेस**




भारतले दोस्रो टेस्टमा इंग्ल्यान्डलाई ४८२ रनको लक्ष्य दिएको छ। इंग्ल्यान्डले तेस्रो दिनमै लक्ष्य पछ्याउँदै ब्याटिङ सुरु गरेको छ। दिनको खेल सकिदा उसले ३ विकेट गुमाउँदा ५३ रन जोडेको छ।

चेन्नईमा जारी टेस्टको दोस्रो इनिङ्गसमा भारत २८६ रनमा अलआउट भएसँगै इंग्ल्यान्डले २८६ रनको लक्ष्य पाएको हो। दोस्रो इनिङ्गसमा भारतका लागि रविचन्द्र आस्विनले शतक प्रहार गरे। उनले १०६ रन बटुले। कप्तान विराट कोहलीले ६२ रनको योगदान दिए।

बलिङमा इंग्ल्यान्डका ज्याक लिस र मोइन अलीले ४/४ विकेट लिए। यसअघि पहिलो इनिङ्गसमा भारतले १९५ रनको अग्रता लिएको थियो। इंग्ल्यान्ड पहिलो इनिङ्गसमा १३४ रनमै अलआउट भयो। भारतले पहिलो इनिङ्गसमा ३२९ रन जोडेको थियो।

इंग्ल्यान्डका लागि बेन फोएक्सले सबैभन्दा बढी नटआउट ४२ रन जोड्दा ओली पोपले २२ रन र बेन स्टोक्सले १८ रन बनाए। डोम सिब्लीले १६ रन जोड्दा अन्य ब्याट्सम्यान दोहोरो अंकमा रन जोड्न नपाइ पेभेलियन फर्के।

इंग्ल्यान्डको इनिङ ध्वस्त पार्ने क्रममा भारतका रविचन्द्रन आश्विनले ५ विकेट लिए। इशान्त शर्मा र अक्षर पटेलले २/२ विकेट लिए। त्यसअघि भारतका लागि रोहित शर्माले शतक प्रहार गरे। उनले १६१ रनको योगदान दिए।

अजिन्का राहाणेले ६७ र रिशव पन्तले नटआउट ५८ रन जोडेका थिए। बलिङमा इंग्ल्यान्डका मोइन अलीले ४ विकेट हात पारे।

अस्ट्रेलियन ओपन

# नाडाल क्वाटरफाइनलमा प्रवेश

**रासस** / एएफपी



विश्व वरियतामा दोस्रो स्थानमा रहेका स्पेनिस खेलाडी राफेल नाडाल अस्ट्रेलियन ओपन टेनिसको क्वाटरफाइनलमा प्रवेश गरेका छन्। सोमबार रड लाभार अरेनामा भएको खेलमा उनले इटालीका फाबियो फगनिनीलाई ६-३, ६-४ र ६-२ को सोझो सेटमा पराजित गरे।

नाडालले सन् २००९ यता अस्ट्रेलियन ओपन जित्न सकेका छैनन्। तर उनी अन्तिम आठमा पुगेको यो १३ औं पटक हो।

यसअघि रोजर फेडरर १५ पटक र जोन न्यूकम्ब १४ पटक अस्ट्रेलियन ओपनको अन्तिम आठमा पुगेका थिए। यो नतिजासँगै उनी फाइनलमा पहिलो वरियतामा रहेका सर्बियाली खेलाडी नोभाक जोकोभिकसँग भेट हुने सम्भावना बढ्दै गएको छ।

आइतबार साँझ भएको खेलमा पेटको दुखाईसँग जुधिरहेका जोकोभिकले मिलोस राओनिकलाई संघर्षपूर्ण खेलमा पराजित गरेका थिए। महिला एकलतर्फ भने नाओमी ओशाका, सेरेना विलियम्स, सिमोना हालेप, एचसिया सु-वेए, जेनिफर ब्राडी र जेस्सिका पेगुलाले आ-आफ्ना खेल जितेका छन्।क्वार्टरफाइनलमा मंगलबार जेनिफर ब्राडी र जेस्सिका पेगुला, सेरेना विलियम्स र सिमोना हालेप तथा नाओमी ओशाका र एचसिया सु-वेएबीच खेल हुँदैछ।

भारतमा कोभिड-१९

# संक्रमित एक करोड १० लाख पुगे

**रासस** / सिन्ह्वा

भारतमा कोभिड-१९ बाट संक्रमित हुने व्यक्तिको संख्या सोमबारसम्म एक करोड १० लाख पुगेको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। साथै कोभिड-१९ संक्रमित मध्ये एक लाख ५५ हजार ७३२ जनाको मृत्यु भएको छ।

भारतमा हाल सक्रिय संक्रमितको संख्या एक लाख ३९ हजार रहेको छ भने एक करोड ६ लाख व्यक्ति संक्रमणमुक्त भइसकेका छन्। विगत तीन दिनदेखि भारतमा सक्रिय संक्रमितको संख्या पुन: बढ्न थालेको मन्त्रालयले जनाएको छ। भारतमा कोभिड-१९ विरुद्ध गत जनवरी १६ देखि राष्ट्रव्यापी खोप अभियान शुरु गरेको थियो। देशभर करिब ८३ लाख व्यक्तिले खोप लिइसकेका छन् जसमा मुख्यगरी स्वास्थ्यकर्मीहरू रहेका छन्।

यसैबीच, आइतबारसम्म भारतमा करिब २१ करोड नमुना परीक्षण गरिएको छ। पछिल्लो पटक आइतबार एक दिन चार लाख ८६ हजार नमुना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषदले जनाएको छ। भारतमा हाल सेरम इन्स्टिच्युटले उत्पादन गरेको कोभिसिल्ड र भारत बायोटेक इन्टरनेसनलले उत्पादन गरेको कोभाक्सिन खोप प्रयोगमा ल्याइएको छ।

विश्वभर कोभिड-१९ बाट करिब १० करोड १९ लाख व्यक्ति संक्रमित भएका छन्। विश्व स्वास्थ्य संगठनका अनुसार संक्रमितमध्ये करिब २४ लाख ११ हजार व्यक्तिको ज्यान गएको छ।

संयुक्तराज्य अमेरिकामा चार लाख ९७ हजार, ब्राजिलमा दुई लाख ३९ हजार, मेक्सिकोमा एक लाख ७४ हजार, बेलायतमा एक लाख १७ हजार, इटालीमा ९३ हजार र फ्रान्समा ८१ हजारको मृत्यु भइसकेको छ। कोरोनाभाइरसको उत्पत्ति भएको भनिएको चीनमा भने चार हजार ६३६ जनाको मृत्यु भएको थियो।

कोभिड-१९ विश्वका २२१ वटा मुलुक एवं क्षेत्रमा फैलिएको पाइएको छ। विश्वभर अझै पनि करिब ९८ हजार व्यक्ति गम्भीर अवस्थामा रहेर उपचार गराइरहेका छन्।

# दक्षिण कोरियामा पनि घटेन संक्रमित

**रासस** / सिन्ह्वा



दक्षिण कोरियामा कोरोना भाइरस (कोभिड-१९) का संक्रमितहरू पछिल्लो समयमा बढ्न थालेका छन्। यहाँका स्वास्थ्य अधिकारीहरूले यहाँ सङ्क्रमित हुनेहरूको संख्या पछिल्ला हप्ताहरूमा बढ्दै गएको देखिएको बताएका छन्।


प्राप्त समाचारअनुसार गत २४ घण्टामा थप ३४४ जनामा कोरोना भेटिएको बताइएको समाचारमा जनाइएको छ। गएको २४ घन्टामा देखिएको यो संख्या केही दिनयताकै धेरै रहेको बताइएको छ। योसँगै यहाँका सङ्क्रमितहरूको संख्या ८३ हजार ८६९ जना पुगेको बताइएको छ। यहाँ पछिल्लो हप्ता हरेक दिन कम्तीमा एक सयजना जति सङ्क्रमित थपिएका पनि बताइएको छ। उनीहरूमध्ये अधिकांश विदेशबाट आएका व्यक्तिमा पाइएको पनि सो समाचारमा जनाइएको छ। दक्षिण कोरियामा अहिले नयाँ वर्ष मनाइएको छ। यही नयाँ वर्षको क्रममा दक्षिण कोरियाका धेरै व्यक्तिमा सङ्क्रमण भएको देखिएको छ।

पछिल्लो २४ घन्टामा यहाँ पाँच व्यक्तिको मृत्यु भएको बताइएको छ। यो मृत्युपछि यहाँ कोरोना भाइरसको संक्रमणबाट ज्यान जानेको संख्या १ हजार ५२७ जना पुगेको बताइएको छ। शुरुमा यहाँका सङ्क्रमितहरू बढीजसो चर्चमा गएका व्यक्तिहरूबाट भएका बताइएको थियो। तर पछिल्ला महिनाहरूमा भने यहाँ स्वदेशमा पनि आन्तरिक रुपमा भाइरसका सङ्क्रमितहरू बढेका बताइएको छ। यहाँ निकै थोरै संख्यामा मात्र सङ्क्रमितहरू थिए। दक्षिण कोरिया सरकारले कोरोना भाइरसको सङ्क्रमणलाई रोक्न विदेशका अरु देशहरूको तुलनामा प्रभावकारी काम गरेको पनि बताइएको थियो। तर प्राप्त समाचार अनुसार दक्षिण कोरियामा पछिल्ला केही महिनायता भने संक्रमितहरूको संख्या बढ्दै गएको देखिएको हो।

दक्षिण कोरियाको सरकारका स्वास्थ्य सम्बन्धी अधिकारीहरूले दिएको जानकारीअनुसार यहाँका नागरिकको भाइरसका कारण संक्रमितहरू मध्ये १.८२ प्रतिशतको ज्यान गएको बताएका छन्।

# अर्जेन्टिनाका पूर्व राष्ट्रपतिको निधन

**रासस** / सिन्ह्वा



दक्षिण अमेरिकी मुलुक अर्जेन्टिनाका पूर्व राष्ट्रपति कार्लोस मेनेमको ९० वर्षको उमेरमा निधन भएको छ। स्थानीय संचार माध्यमहरूले उनको हृदयघातका कारण निधन भएको जनाएका छन्।

स्वास्थ्यमा समस्या देखिएपछि उनलाई केही दिनअघि ब्युनस आयर्सस्थित लस आर्कोस अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो। श्री कार्लोस सन् १९८९ देखि १९९९ सम्म अर्जेन्टिनाको राष्ट्रपति थिए। उनी सन् २००५ देखि ला रियोजा प्रान्तबाट सिनेट सदस्य पनि रहनु भएको थियो।

राष्ट्रपति अल्बर्टो फर्नान्डेजले पूर्व राष्ट्रपति मेनेमको निधनप्रति दु:ख प्रकट गर्दै पूर्व राष्ट्रपति मेनेम लोकतन्त्रका लागि सदैब प्रतिबद्ध राष्ट्रका सच्चा नेता रहेको बताएका छन्।

# सात आइएस आतङ्ककारी मारिए

**रासस** / सिन्ह्वा

अफगान सरकारी सुरक्षाबलले अफगानिस्तानको पूर्वी प्रान्त नाार्गाहारमा जारी राखेको बिशेष सुरक्षा कारबाहीका क्रममा इस्लामिक स्टेट्स् (आइएस) आतङ्ककारी समूहका सात जना लडाकू मारिएका प्रान्तीय सरकारद्धारा सोमबार जारी विज्ञप्तिमा जनाएको छ। प्रान्तीय राजधानी जलालाबाद शहरको, बाहिरी इलाकामा रहेको घोच्को क्षेत्रमा आइएस आतङ्ककारी लुकेर बसेको आखाडालक्षित भएको सुरक्षा कारबाहीमा एक आत्मघाती बम आक्रमणकारीलगायत आइएसका सात लडाकू मारिएका समाचारमा जनाइएको छ।

यस कारबाहीको क्रममा सुरक्षा अधिकारीहरूले चार ओटा आत्मघाती भेस्ट, तीन ओटा एके-४७ राइफल र विस्फोटक पदार्थ र हाते ग्रेनेडसमेत कब्जा लिएको जनाइएको छ।

नान्गार्हार प्रान्तको यस भागमा सक्रिय रहेका आइएस लडाकू समूहले भने कारबाहीका बारेमा केही बताएका छैनन्।

छापावाल सुन प्रति तोला रु.९०,७००/-
तेजावी सुन प्रति तोला रु.९०,२००/-
चाँदी प्रति तोला रु.१,३४०/-

# चिनी मिललाई उखु अभाव

**टुडे एक्सप्रेस** / कञ्चनपुर



कञ्चनपुरमा सञ्चालित चिनी मिललाई उखुको अभाव भएको छ। उखु रोप्ने समयमा भएको बन्दाबन्दीका कारण उखु उत्पादक किसानले समयमै मल खाद पाउन नसक्दा र पर्याप्त वर्षा नहुँदा उखुको उत्पादन घटेको हो।

बेलौरी नगरपालिकाको शिवनगरमा सञ्चालित महाकाली सुगर इन्डष्ट्रिज र पुनर्वास नगरपालिकामा सञ्चालित भागेश्वर चिनी मिललाई सिजनमा ६० लाख क्विन्टलभन्दा बढी उखु क्रसिङका लागि आवश्यक पर्दछ। दुवै मिलले सिजनमा मुस्किलले ४० लाख क्विन्टल उखु मात्रै क्रसिङ गर्दै आएका छन्।

उखु अभाव भएपछि निर्धारित समयअगावै मिल बन्द गर्नुपर्ने अवस्था आएको महाकाली सुगर इन्डष्ट्रिजका प्रबन्धक सिडी पाण्डेयले बताए। "किसानलाई उखद्रको उत्पादन बढाउनका लागि जग्गा बढाउनद्रपर्ने हद्रन्छ", उनले भने, "नयाँ प्रविधितर्फ आकर्षित गरी उन्नतजात लगाउन उत्प्रेरित गरिए उखुको उत्पादन बढाउन सकिन्छ।"

विश्वका सबैभन्दा उन्नत उखुका जात ल्याएर किसानलाई लगाउन दिइएको उनको भनाइ छ। छ वटा उपकेन्द्रमा आबद्ध किसानलाई अनुदानमा कृषि उपकरणसमेत मिलका तर्फबाट उपलब्ध गराइएको इन्डष्ट्रिजका अर्का प्रबन्धक राजेश्वर शाहले बताए। कृषि उपकरणसँगै उखद्र खेती गर्ने आधद्रनिक तरिका किसानलाई सिकाइएको छ। परम्परागत रूपमा हद्रँदै आएको खेती छाडेर किसानले ट्रेन्च प्रविधिबाट उखद्र खेती गर्दै आएका छन्।

एक बिघा जग्गामा २०० देखि ३०० क्विन्टल उत्पादन हुँदै आएको जग्गामा हाल ५०० देखि ७०० क्विन्टल उखु उत्पादन हुँदै आएको छ", उखु उत्पादक किसान हकहित संरक्षण समितिका कोषाध्यक्ष चेतन राईले भने, "उखद्र लगाउने थोरै जग्गा हँद्रदा चिनी मिलको क्षमताअनद्रसार उखद्र उत्पादन हद्रन सकेको छैन। चाहेको बेला रासायनिक मल र कीटनाशक विषादी नपाउँदासमेत उत्पादन बढाउन कठिनाइ छ।"

उखु उत्पादन गर्दै आएका किसानलाई मिलमा उखु बेचेको २४ घण्टाभित्रै अनलाइन प्रणालीमार्फत भुक्तानी दिने व्यवस्था गरिएको उनको भनाइ रहेको छ। "चिनी मिलले भुक्तानी दिएको छ महिनापछि मात्रै सरकारले अनुदानबापतको रकम उपलब्ध गराउँछ। सरकारी अनुदानको रकम छिट्टै उपलब्ध गराउने व्यवस्था गरिए किसानको खेतीप्रतिको लगाव बढाउन सकिन्छ", उनले भने।

मङ्सिरदेखि चैतको अन्तिम सातासम्म उखु मिल सञ्चालन हुने गरेका छन्। एक क्विन्टल उखुबाट १० किलोको हाराहारीमा चिनी उत्पादन हुने गरेको छ। चिनी मिलसँगै गाउँमा उखु पेल्ने कोल्हु (खाँडसारी उद्योग) समेत सञ्चालनमा छन्। कोल्हु सञ्चालकहरूले उखु पेलेर गुड बनाउने गरेका छन्। गुड बनाउन झण्डै तीन लाखदेखि पाँच लाख क्विन्टल उखु खपत हुने गरेको छ।

कृषि ज्ञान केन्द्र कञ्चनपुरका अनुसार कञ्चनपुरमा पाँच हजार ६३ हेक्टर क्षेत्रफलमा दुई लाख २२ हजार ३५७ मेट्रिक टन उखु उत्पादन हुने गरेको छ। सोमध्ये २०० बिघा क्षेत्रफलमा रेडक्रसले मर्सिकोरको सहयोगमा एमरेड परियोजनाअन्तर्गत बगरमा उखु लगाइने गरिन्छ।

# फाइभ जीको फ्रिक्वेन्सी निर्धारण

**टुडे एक्सप्रेस** / काठमाडौं

नेपाल दूरसञ्चार प्राधिकरणले नेपालमा फाइभजीको फ्रिक्वेनसी निर्धारण गरेको छ। प्राधिकरणअन्तर्गत रहेको राष्ट्रिय फ्रिक्वेन्सी व्यवस्थापन फोरमले पहिचान गरेको फ्रिक्वेन्सी बोर्डले स्वीकृत गरेसगैं फाइभजी सेवा विस्तारको बाटो खुलेको हो।

प्राधिकरणले निर्धारण गरेको फाइभजीको फ्रिक्वेन्सी स्वीकृतिका लागि राष्ट्रिय रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिमा प्रस्ताव पेश गरिएको प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिए। उनका अनुसार फोरमले गरेको सिफारिसका आधारमा सात सय, नौ सय, दुई हजार तीन सय र दुई हजार छ सय मेगाहर्ज ब्याण्डलाई तल्लो ब्याण्डअन्तर्गत, तीन हजार तीन सय, तीन हजार चार सय, तीन हजार छ सय र चार हजार सय मेगाहर्जलाई मध्यम तथा २६ गिगाहर्ज ब्यान्डलाई उच्च ब्याण्डको सूचीमा राखेर प्राधिकरणले उक्त समितिमा सिफारिस गरेको हो।

सञ्चार तथा सूचना प्रविधिमन्त्री संयोजक रहने राष्ट्रिय रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको निर्णयपछि मात्रै फ्रिक्वेन्सी सेवा प्रदायकले पाउने वा नपाउने निर्धारण हुनेछ। यसअघि प्राधिकरणले नेपालमा फाइभजी विस्तारका लागि प्राधिकरणका सञ्चालक सदस्य मणि चौलागाईंको संयोजकत्वमा राष्ट्रिय फ्रिक्वेन्सी व्यवस्थापन फोरमलाई अध्ययनको जिम्मा दिएको थियो।

चोलागाईंको संयोजकत्वको उक्त फोरममा प्राधिकरणका वरिष्ठ निर्देशक आनन्दराज खनाल, फ्रिक्वेन्सी महाशाखाका निर्देशक अम्बर स्थापित, उपनिर्देशक प्रदीप पौडेल तथा नेपालमा दूरसञ्चार उपकरण बिक्री गरिरहेका चिनियाँ कम्पनी हुवावे र जेडटीईका प्रतिनिधि सदस्य रहेको थियो।

उक्त फोरमले गत मङ्सिरमा नेपालमा फाइभजी सेवा सञ्चालन गर्न सकिने आशयको फ्रिक्वेन्सी पहिचान प्रतिवेदन प्राधिकरणमा पेश गरेको थियो। उक्त फोरमले पेश गरेको प्रस्तावका आधारमा प्राधिकरण सञ्चालक समितिले स्वीकृत गरेर राष्ट्रिय रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिमा प्रस्वाव पेश गरिएको प्राधिकरणले जनाएको छ।

# काठ सहज भएपछि निर्माण कार्य अघि बढ्यो

**शर्मिला पाठक** / काठमाडौं

सहजरूपमा काठ आउन थालेपछि विश्व सम्पदा सूचीमा सूचीकृत काठमाडौं दरबार क्षेत्र (हनुमानढोका क्षेत्र) का ऐतिहासिक सम्पदा पुनःनिर्माणले गति लिएको छ। दुई महिनाअघि लामो काठको अभावमा निर्माण भइरहेका एतिहासिक सम्पदाको काम अघि बढ्न सकेको थिएन।

विगत दुई हप्ताअघिदेखि काठ आयातमा सहज भएपछि निर्माणको कामले पुनः गति लिएको हो। ठूला र लामो काठको अभावमा यस क्षेत्रको नौतले दरबार र दश अवतार मन्दिरको काम अवरुद्ध भएको थियो। अहिले ती दुवै सम्पदाको निर्माणको काम तीव्ररुपमा भइरहेको छ। यी दुवै सम्पदा निर्माणका लागि १० फिटभन्दा लामा काठ आवश्यक परेको थियो।

निर्माणको चरणमा रहेको ऐतिहासिक नौतले दरबारको निर्माणको काम ८० प्रतिशत र दश अवतार मन्दिरको ७० प्रतिशत काम सम्पन्न भएको हनुमानढोका दरबार हेरचाह अड्डाका प्रमुख सन्दीप खनालले जानकारी दिए। यस क्षेत्रका २७ सम्पदा पद्रनःनिर्माण सम्पन्न भइसकेका छन्। यहाँ रहेका ७० सम्पदामध्ये १२ वटामा भूकम्पले क्षति गरेको थिएन। भूकम्पले क्षतिग्रस्त ५८ सम्पदामध्ये ११ वटाको पुनःनिर्माण भइरहेको अड्डाले जनाएको छ।

प्रमुख खनालका अनुसार अहिले बनिरहेका सम्पदाको काम नसकी काम शुरु गर्न नमिल्ने भएकाले २० सम्पदाको काम अझै हुन सकेको छैन। हनुमानढोका दरबार क्षेत्रको नौतले दरबार चीन सरकारको अनुदान सहयोगमा पुनःनिर्माण भइरहेको छ। कोरोना महामारीका कारण नौतले दरबार पुनःनिर्माणमा केही ढिलाइ भएको छ। नौतले दरबार सन् २०२२ सम्ममा सक्ने गरी सम्झौता भएको अड्डाले जनाएको छ।

यसैगरी गद्दी बैठक अमेरिकाको सहयोगमा पुनःनिर्माण सम्पन्न भइसकेको छ। जगन्नाथ र गोपीनाथ मन्दिर वाग्मती प्रदेश पूर्वाधार विकास कार्यक्रमअन्तर्गत पुनःनिर्माण भइरहेको छ। नासलचोक पश्चिमको राणाकालीन सेतो भवन र नासलचोक तथा गद्दी बैठकबीचको भवन पनि हनुमानढोका दरबार सङ्ग्रहालय विकास समितिमार्फत पुनःनिर्माण भइरहेको छ।

आगम्छे घर र शिव मन्दिर जापानी सहयोग नियोग (जाइका) को अनुदान सहयोगमा पुनःनिर्माण भइरहेको बताइएको छ। मोनकाली चोक, मूलचोक, नासल चोकलगायतको चोक यहाँका अन्य महत्वपूर्ण सम्पदा हुन्।

## सर्वसाधारणका लागि गद्दी बैठक खोलिँदै

भूकम्पका कारण क्षति भएको गद्दी बैठक अब सर्वसाधारणका लागि पनि खोलिने भएको छ। पुनःनिर्माणपछि तत्काल खोल्ने भनिए पनि केही आन्तरिक तयारी गर्नपर्ने भएकाले अझै केही समय लाग्ने बताइएको छ।

अमेरिकी दूतावास र संस्कृति सम्पदा कोषले पुनःनिर्माण गरेको गद्दी बैठक विसं २०७५ असारमा नै नेपाललाई हस्तान्तरण गरिएको थियो। त्यही दिन प्रधानमन्त्री केपी शर्मा ओलीले त्यसको उद्घाटन गर्नुभएको थियो।

विदेशीलाई स्वागत गर्न विशिष्ट किसिमको छुट्टै बैठक कक्षको आवश्यकता महसुस गरेर तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेरको पालामा १९६५ सालमा वसन्तपुर दरबारमा युरोपेली वास्तु शैलीमा बेलायती बैठक (गद्दी बैठक) निर्माण गरिएको थियो।

शुरुमा यो भवनमा विदेशी पाहुनासँग राजाको औपचारिक भेटघाट आयोजना हुन्थ्यो। राजा नारायणहिटी दरबारमा बस्न थालेपछि यसको प्रयोग कम हुँदै गयो। अहिले यसको प्रयोग राष्ट्रप्रमुखले जीवित देवी कुमारीको दर्शन र वसन्त श्रवण गर्दा मात्र हुन्छ।

# अण्डाको मूल्य घट्यो



**टुडे एक्सप्रेस** / चितवन

सधैं उतारचढाव भइरहने कुखुराको अण्डाको मूल्य घटेको छ। उत्पादन बढेको र खपत घटेसँगै मूल्यमा गिरावट आएको हो।

हिन्दूहरूको पवित्र स्वस्थानी व्रतकथा शुभारम्भ भएसँगै उपभोग घटेको छ। कोरोना सङ्क्रमणसँगै चल्लाको अभावमा हुँदा अण्डा दिने कुखुराको सङ्ख्यामा कमी आएको थियो। पछिल्लो समय नयाँ कुखुरा बढेसँगै उत्पादन बढेपछि मूल्य घटेको नेपाल अण्डा उत्पादक सङ्घका केन्द्रीय अध्यक्ष शिवराम केसीले जानकारी दिए।

अण्डाको मूल्य बढेका बेला बुढा कुखुरा बिक्री नगरेका कारण पनि उत्पादन बढी भएको उनको भनाइ छ। सामान्यतया अण्डा दिने कुखुरा एक वर्ष छ महिना पाल्ने गरिन्छ। अण्डाको मूल्य बढ्दा किसानले थप एक वर्षसम्म पाल्ने गरेको उनले बताए।

मूल्य घटेसँगै कृषक प्रभावित बनेका छन्। सङ्घले माघ २६ गतेदेखि लागू हुने गरी ठूलो अण्डा फार्म दर प्रतिक्रेट (३० वटाको) ३२५ र मध्यम रु ३०० कायम गरेको छ। यसअघि ठूलो अण्डाको दर रु ३६० र मध्यम अण्डाको रु ३४० सम्म पुगेको थियो। केसीले भने, "उत्पादन बढी र खपत घटेकै कारण अण्डाको मूल्य घटेको हो।" यो दररेटमा अण्डा बिक्री गर्दा खर्च धान्न मुस्किल हुने किसानको भनाइ छ। अण्डा उत्पादक किसान मदन पोखरेलले एउटा अण्डा उत्पादन गर्न रु ११.५३ लागत लाग्ने बतउँदै यो दररेटमा बिक्री गर्दा किसानलाई घाटा हुने बताए। उनका अनुसार अहिलेको दररेटमा बिक्री गर्दा झण्डै रु एक प्रतिवटा अण्डामा किसानले नोक्सान व्यहोर्नं परेको छ।

उपभोक्ताले भने सस्तो मूल्यमा अण्डा उपभोग पाएका छैनन्। उपभोक्ताले भने रु १५ मा अण्डा खरिद गर्न बाध्य छन्। विचौलियाले बढी नाफा खाएर उपभोक्तालाई महङ्गो मूल्यमा बिक्री गरिरहेको पोखरेलले बताए। उनले भने, "सङ्घले समन्वय गर्न नसक्दा उपभोक्ता ठगिएका छन्।"

सङ्घका उपाध्यक्षसमेत रहनुभएका किसान किरण ओली बजारमा अण्डाको माग भइरहेको भए पनि व्यवसायीको चलखेलका कारण मूल्य घटेको बताउँछन्। उनले भने, "म सस्तोमा अण्डा बिक्री गर्दिनभन्दा मसँग एक हजार ५०० पेटी अण्डा थन्किएको छ।" अहिलेको अवस्थामा सस्तोमा अण्डा बिक्री गर्नपर्ने अवस्था नरहेको भए पनि व्यवसायीको चलखेललाई केही किसानको सहयोगका कारण समस्या आएको उनले आरोप लगाए।

घाटामा व्यवसाय गर्दा कुखुरा पाल्ने किसान निकै घटेको उनको भनाइ छ। दुई हजार ७०० हाराहारी लेयर्स कुखुरा पाल्ने किसान रहेकामा यो सङ्ख्या घटेर एक हजार ७०० मा झरेको उनले जानकारी दिए। ओलीले भने, "साना किसान विस्थापित र ठूला स्थापित हुँदैछन्।"

हाल दैनिक देशभरमा ३२ लाख वटा अण्डा उत्पादन हुँदै आएको छ। केही महिनाअघिसम्म यो सङ्ख्या २६ लाख हाराहारी रहेको सङ्घले जनाएको छ। नेपालमा कुखुराजन्य क्षेत्रमा रु १ खर्ब २५ अर्ब लगानी भएको व्यवसायीहरू बताउँछन्।

# 'समृद्धि र समुन्नतिको लक्ष्य हासिल'

**टुडे एक्सप्रेस** / विराटनगर



प्रदेश १ का प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी'ले प्रदेश सरकार समृद्धि र समुन्नतिको लक्ष्य हासिल गर्नेतर्फ अघि बढिरहेको बताएका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा सोमवार आयोजित प्रदेश सरकार स्थापनाको तेस्रो वार्षिकोत्सव समारोह उद्घाटन गर्दै उनले यस्तो धारणा राखेका हुन्।

प्रदेश प्रमुख अधिकारीले राष्ट्रिय हित, लोकतान्त्रिक गणतन्त्रको स्थापना र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटकपटक गरेको ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासको स्मरण गरे। उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका निम्ति सामन्ती, निरङ्कुशतन्त्रको विरुद्ध आफूलाई समाहित गर्ने, जीवन उत्सर्ग गर्ने महान शहीदप्रति श्रद्धाञ्जलि अर्पण गर्दै बेपत्ता तथा पीडित परिवारप्रति हार्दिक सम्मान व्यक्त गरे।

"उहाँले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षद्रण राखी प्रदेश सरकारले 'समृद्ध नेपाल सद्रखी नेपाली'को राष्ट्रिय अभियान सफल बनाउन गम्भीरताका साथ कार्य गरिरहेको अनद्रभूति भएको छ", उनले भने।

प्रदेश प्रमुख अधिकारीले कोभिड-१९ को प्रतिकूल परिस्थितिका बाबजुद पनि उत्साहजनक प्रगति हासिल गर्न र जनमानसमा भविष्यप्रति आशाको भाव सिर्जना गर्न प्रदेश सरकार सफल भएको भन्दै सरकार 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' को प्रादेशिक लक्ष्य निर्धारण गरी अघि बढिरहेको बताए। उनले प्रदेश विकासको अभियानमा 'हामी साथ साथ छौं' भन्ने नवीन संस्कारलाई प्रेरित गरेको उल्लेख गर्दै सङ्घ र स्थानीय तहबीच कडीका रुपमा रहेको प्रदेशको भूमिकालाई स्थापित र पक्षपोषण भइरहेको बताए।

उनले सरकारले कूल ११३ कानूनी दस्तावेज तयार गरिएको जानकारी दिँदै रु २५ करोडको कोरोना जनसुरक्षा कोष स्थापना भएकामा खुशी व्यक्त गरे। सरकारले प्रदेश लगानी प्राधिकरण, गरीबसँग खाद्यान्न कार्यक्रम, भगत सर्वजित कार्यक्रम, लघु उद्यम कार्यक्रम, सीप विकास तालीम, प्रविधि हस्तान्तरण कार्यक्रम, मकै उत्पादकत्व सुधार विशेष कार्यक्रम, मकैखेती विस्तार कार्यक्रम, चैतेधान विशेष सहयोग कार्यक्रम, प्रदेश प्रमुख ज्येष्ठ नागरिक दन्त उपहार कार्यक्रम, स्वस्थ जीवन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको जानकारी दिँदै प्रमुख अधिकारीले ढाका र अल्लो जोन स्थापना गरिएको जानकारी गराए।

उनले प्रदेशमा ८७ किमी पर्यटकीय पदमार्ग निर्माण, १४ वटा पर्यटन भ्यू-टावर र १५० पर्यटकीय पार्क निर्माण भएको जनाउँदै इलामको कन्याममा चिया परीक्षण, अनुसन्धान तथा प्रवर्द्धन केन्द्र स्थापना हुनु, प्रादेशिक सञ्चार प्रतिष्ठान गठन, हाम्रो गौरव हाम्रै शान, सगरमाथा र केचनाले प्रदेशकै राख्छ उच्च मान तथा प्रदेशको शान, सबैको अनुहारमा मुस्कानको नारा नीति तथा कार्यक्रममा समावेश गरी सोही अनुसारको क्रियाकलाप गर्न सरकारको कार्यकौशलतालाई प्रष्ट पारेको बताए।

उनले दिगो शान्ति, सुशासन, विकास र समृद्ध प्रदेश निर्माण गर्ने कार्यमा प्रदेश सरकार लागि रहने कुरामा आफू विश्वस्त रहेको चर्चा गर्दै देशमा राजनीतिक स्थिरता, दिगो शान्ति स्थापना, सुशासन, वित्तीय अनुशासन, मितव्ययिता, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता कायम गरी राष्ट्रको दिगो विकास गर्न सकेमा मात्र जनताका मनोकांक्षा पूरा हुने विश्वास व्यक्त गरे। प्रदेश सरकारको तेस्रो वार्षिकोत्सको सुखद अवसरमा सम्पूर्ण प्रदेशवासी दाजुभाइ तथा दिदीबहिनीमा सुस्वाथ्य, दीर्घायु, उन्नति, उत्तरोत्तर प्रगति रसफलताको हार्दिक शुभकामना पनि उनले व्यक्त गरे।

# नयाँबसपार्क-कुलेश्वर करिडोर कालोपत्रे

**टुडे एक्सप्रेस** / काठमाडौं

काठमाडौंको नयाँबसपार्कदेखि कुलेश्वरसम्म विष्णुमति करिडोर कालोपत्रे गरिएको छ। अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले विष्णुमति नदी किनारामा पर्खाल लगाउने तथा कालोपत्रेको काम शुरु गरेको हो।

काठमाडौंको नयाँ बसपार्कदेखि कुलेश्वरसम्मको सडक मर्मत तथा कालोपत्रेको जिम्मा पाएको सिएम-पिआर जेभी निर्माण सेवाले नदी वरपर नयाँ पर्खाल लगाउने तथा कालोपत्रे गर्ने काम धमाधम गरिरहेको छ। निर्माण सेवाका इञ्जिनीयर महेश्वर खड्काले विसं २०७८ जेठ ७ गतेभित्र सम्पन्न गर्ने गरी नयाँबसपार्कदेखि कुलेश्वरसम्मको ३.५ किलोमिटर सडक निर्माण कार्य भइरहेको राससलाई जानकारी दिए। "हालसम्म नयाँ बसपार्कदेखि बालाजुसम्मको एक किलोमिटर र शोभाभगवती क्षेत्रमा ५०० मिटर सडक कालोपत्रे सम्पन्न भइसकेको छ", उनले भने।

उक्त सडक कालोपत्रेसँगै टोखादेखि नयाँ बसपार्क, बालाजु, शोभाभगवती हुँदै कालीमाटीसम्म सवारी आवतजावतमा सहज हुनेछ। नेपाल प्रहरीका तत्कालीन महानिरीक्षक सर्वेन्द्र खनालले विसं २०७६ चैत २१ गते उपत्यकाको ट्राफिक व्यवस्थापन तथा प्रदूषण नियन्त्रणका लागि कार्ययोजना तयार गर्दै उपत्यकाका मुख्य खोला किनारामा करिडोर निर्माणको काम अगाडि बढाएको थियो।

सोही समयमा विष्णुमति करिडोरसँगै बालकुमारी पुल, गोपीकृष्ण पुल र भत्केको पुलमुनिको करिडोरसमेत सञ्चालनमा ल्याइएको थियो। नयाँबसपार्क-कुलेश्वर करिडोर निर्माणका लागि अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको रु १३ करोड ४९ लाख २५ हजार ५४६ रकम खर्च हुनेछ। उक्त करिडोरमा नयाँ बसपार्क, शोभाभगवती, डल्लु, कुलेश्वरमा चारवटा अण्डरपास हुनेछन्।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव पुण्यप्रसाद (सरोज) सिटौलाले नेपालको राष्ट्रिय बसपार्क क्षेत्रमा हुने सवारी जाम कम गर्न करिडोरले महत्वपूर्ण सहयोग पुग्ने बताए। "करिडोर निर्माणसँगै विष्णद्रमति करिडोरका सडकमा हद्रने सवारी जाममा कमी आउँछ", उनले भने।

यातायात व्यवस्था विभागका अनुसार हाल नेपालभर ३५ लाखभन्दा बढी सवारी साधन सञ्चालनमा छन् भने काठमाडौं उपत्यकामा मात्र १२ लाखभन्दा बढी सवारी साधन सञ्चालनमा रहेका छन्।

# भगवानपुर गाउँपालिकामा नागरिक सहायक कक्ष स्थापना

## सेवाग्राहीले छिटो छरितो सेवा पाउने प्रमुख प्रशासकीय अधिकृत यादवको विश्वास

**धमेन्द्र पासवान** / सिरहा



सिराहाको दक्षिणवर्ती भगवानपुर गाउँपालिकाको कार्यालयले नागरिक सहायता कक्ष स्थापना गरेको छ। गाउँपालिकाले नागरीकलाई केन्द्र विन्दुमा राखेर (रिजल्ट ओरिएण्टेड) नतिजामुखी सेवा प्रदान गर्नका लागि नागरिक सहायता कक्ष स्थापना गरेको हो।

सेवाग्राही कार्यालयमा आउँदा सेवा लिन अपनाउनु पर्ने प्रक्रिया, आवश्यक पर्ने कागजात र सेवाको विषयमा अन्यौलता चिर्न नागरिक सहायता कक्ष स्थापना गरेको गाउँपालिकाका प्रमुख प्रशाकीय अधिकृत दिलिप कुमार यादवले बताए। उनका अनुसार कार्यालयमा सेवा लिन अपनाउनु पर्ने प्रक्रिया जति पनि कामहरू हद्रन्छ, त्यसको बारेमा जे कुरा बुझ्नु परे त्यहीँ बुझ्न सकिन्छ।

उनले भने, 'केहि कागजको कमि छ भने त्यही जानकारी दिईन्छ। कागजातहरू मिलाई दिनु परे त्यहीँ मिलाई दिईन्छ। कार्यालयले सेवा छिटो प्रदान गर्नका लागि यो सेवाको सुरुवात गरेका छौं।'

उनका अनुसार गाउँपालिकामा शाखागत कर्मचारीको चरम अभाव पनि रहेको छ। कर्मचारी अभावको अवस्थामा कार्यालयको कार्यभार कम गर्न पनि नागरिक सहायता कक्ष स्थापना गरेको प्रमुख प्रशाकीय अधिकृत यादवले बताए। अब सेवाग्राहीले झन्झटमुक्त तथा छिटो छरितो सेवा लिन सक्नेछन्।

गाउँपालिकामा अपाङ्गता परिचय पत्र वितरणको काम पनि सुरु भएको छ। गाउँपालिका स्थापना भएदेखि नै अपाङ्ग परिचयपत्र वितरण हुन सकेको थिएन। गाउँपालिकाले कार्यविधि बनाएर नै अपाङ्ग परिचयपत्र वितरण गर्न सुरु अधिकृत यादवले जानकारी दिए।

उक्त गाउँपालिकाभित्र ५ वडाका अपाङ्ग भएका नागरिकहरूले परिचय पत्र लिन गाउँपालिकाको कार्यालयमा निवेदन दर्ता समेत गराएका छन्। पहिलो चरणमा करिब १ सय जना अपाङ्गलाई कार्ड वितरण गर्ने योजना रहेको अधिकृत यादवको भनाई छ।

पहिलो, दोस्रो र तेस्रो चरणमा कार्ड वितरण हुने एमआईएस अपरेटर दुर्गान्द साह र फिल्ड सहायक अरुण कुमार मुखियाले जानकारी दिए। गाउँपालिकाले पुर्ण अशक्त, अति अशक्त, मध्यम अशक्त र सामान्य अशक्त गरि चार किसिमको अपाङ्ग परिचयपत्र वितरण गर्न लागेको उनीहरू बताउँछन्। राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई कार्ड अनुसारको सेवा सुविधा उपलब्ध गराउने छ।

# प्रमुख महतोले पनि लगाए खोप



**टुडे एक्सप्रेस** / सिरहा

सिरहाको बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोष कुमार महतो पनि सोमवार प्राथमिक स्वास्थ्य केन्द्र औरही पुगेर कोरोनाविरुद्धको खोप लगाएका छन्।

यस्तै बरियारपट्टीका प्रमुख प्रशाकिय अधिकृत रंजितजंग अधिकारी, शिक्षा शाखा प्रमुख पतासी यादव र इन्जिनियर सुरेन्द्र प्रसाद यादवले पनि खोप लगाएका हुन्। बरियारपट्टीका कतिपय जनप्रतिनिधि र कर्मचारी यसअघि नै खोप लगाइसकेका थिए।

पहिलो चरणमै कोरोनाविरुद्धको खोप लगाएका औरही गाउँपालिकाको प्रमुख प्रशाकीय अधिकृत कमलदेव यादव कुनै साइड इफेक्ट नगरेको बताए। उनले खोप पुर्ण सुरक्षित रहेकोले कोही पनि डराउन नहुने सुझाए।

पहिलो र दोस्रो चरण गरि प्राथमिक स्वास्थ्य केन्द्र औरहीमा २ सय जनाले खोप लगाएको स्वास्थ्य शाखा प्रमुख उपेन्द्र कुमार यादवले बताए। यस्तै जिल्ला अस्पताल सिरहामा गएर १ सय तीस जना स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक र सफाइकर्मीहरूले खोप लगाएको उनको भनाई छ।

# पत्रकार सिंहको मोटरसाइकल चोरी



**टुडे एक्सप्रेस** / जनकपुरधाम

जनकपुरधाममा बसेर पत्रकारिता गर्दै आएका राजकमल सिंहको मोटरसाइकल सोमवार चोरी भएको छ। जनकपुरधाम १ स्थित भन्सार कार्यालय नजिकै रहेको डेरा अगाडीबाट अफ द बिट मिडिया प्रालिको नाममा रहेको पत्रकार सिंहको पल्सर मोटरसाइकल चोरी भएको हो।

ब्लाक र ब्लु रंग भएको लु ६५ प. ८२२९ अस्थायी नम्बरको २२० सिसि पल्सर गाडी चोरी भएको छ। 'मुख्यमन्त्री कार्यालयमा आयोजित पत्रकार सम्मेलनबाट फर्केपछि डेरा अगाडी गाडी राखेको थिए, पत्रकार सिंहले भने, 'डेराबाट एकछिनपछि बाहिर निस्केपछि गाडी गायब भइसकेको थियो।' चोरी भएको थाहा पाउनेवित्तकै प्रहरीलाई खबर गरेको र आफूपनि जनकपुरको विभिन्न ठाउँमा खोजतलास गरेपनि फेला नपरेको उनको भनाई छ।

धनुषा प्रहरीले भने चोरी भएको गाडीको खोजी जारी राखेको बताएको छ। पछिल्लो समय धनुषामा मोटरसाइकल चोरी हुनेक्रम बढेको छ। फितलो सुरक्षा अवस्थाको फाइदा चोरहरूले उठाइरहेका छन्।

# प्रतिनिधिसभा गठनपछि देशले निकास पाउँछ : उपसभापति निधि

**विनय कर्ण** / राजविराज

नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधिले प्रतिनिधि सभाको गठनले मात्र देशलाई निकास दिन सक्ने बताएका छन्। उनले सर्वोच्च अदालतबाट प्रतिनिधिसभाको पुनर्स्थापना भए वा चुनावबाट भए पनि प्रतिनिधिसभाको गठनबाट मात्रै देशले निकास पाउने बताए।

'अहिले देशमा जुन रोग लागेको छ त्यसको उपचार संसद पुनर्स्थापना वा संसदको गठन मात्रै हो,' उनले भने, 'संसदको पुनर्स्थापना अदालतको हात छ र संसदको गठन जनताको हातमा छ।' राजविराजको राज रंगशालामा सोमबार प्रधानमन्त्री केपी ओलीको असंवैधानिक तरिकाले प्रतिनिधि सभा विघट्नको विरुद्धमा नेपाली काँग्रेस सप्तरीले आयोजना गरेको जिल्ला स्तरीय विरोध सभा लाई सम्बोधन गर्दे उपसभापति निधिले आन्दोलन र निर्वाचन दुवैका लागि कार्यकर्तालाई तयार भएर बस्न निर्देशन दिए। उनले सर्वोच्च अदालतबाट संसद पुनर्स्थापना नभए अर्को विकल्प निर्वाचन भएको बताउँदै नेपाली काँग्रेस जनतामा जानबाट कहिले नडराएको स्पष्ट पारे। देशमा प्रतिनिधि सभाको निर्वाचन हुने कि नहुने बारे शंका व्यक्त गर्दे उनले भने 'कहीं यस्तो नहोस् कि संसदको पुनर्स्थापना पनि हुँदैन र निर्वाचन पनि हुँदैन्।'

उपसभापति निधिले कम्युनिष्टलाई जनताले बहुमत दिनु नै गलत भएको उल्लेख गर्दे विगतमा भएको गल्तीलाई सच्याउनका लागि आउने चुनावमा काँग्रेस पार्टीलाई जिताउन जनता संग आग्रह गरे। प्रधानमन्त्री केपी ओली सरकारको अनाडी ड्राईभर भएका कारण संसद असंवैधानि तरिकाबाट संसद विघट्न गरेको उनले तर्क गरे। 'गाडी जति सुकै राम्रो भएपनि ड्राईभर राम्रो भए मात्रै गाडी चल्छ, अनाडी ड्राईभरले त दुर्घट्ना नै गराउँछ' उनले भने।

जनता समाजवादी पार्टी प्रति लक्षित गर्दै निधिले मधशवादी कुनै दल नै नभएको बताए। मधेशीको नाममा दल बनाएर नाम परिवर्तन गर्दै हिड्ने दलहरू मधेशीका लागि केही गर्न सकेको आरोप लगाए। काँग्रेस विना मधेश हुनै नसक्ने तर्क राख्दै उनले काँग्रेसले मात्रै मधेश र मधेशीको हित गर्न सक्ने जिकिर गरे। जिल्ला सभापति दिनेश यादवको अध्यक्षतामा आयोजित विरोध सभामा नेपाली काँग्रेसका क्षेत्रिय सभापतिहरू, नगर सभापतिहरू लगायतका नेताहरूले संसद विघट्नको विरोधमा आफ्नो विचार व्यक्त गरे। विरोध सभा अघि काँग्रेका नेता तथा कार्यकर्ता विरोध जुलुसमा सहभागी हुँदै राजविराजको विभिन्न भागको परिक्रमा गरेका थिए।

यसैबीच जनता समाजवादी पार्टी परित्याग गरेका ५५ जना नेपाली काँग्रेसमा प्रवेश गरेको नेपाली काँग्रेस सप्तरीले जनाएको छ। उनीहरूलाई पार्टी उपसभापति विमलेन्द्र निधिले टिका तथा फूलमाला लगाएर पार्टी प्रवेश गराएका हुन्।

# विद्यालय छ, विद्यार्थी छैनन्

**टुडे एक्सप्रेस** / वीरगञ्ज

बारा सदरमुकाम कलैयाबाट करीब १० किलोमिटर पूर्वमा एउटा त्यस्तो विद्यालय छ जहाँ शिक्षक छन् र विद्यार्थी भने छैनन् सुन्दा अचम्म लाग्छ। यो सत्य हो। कलैयाको महागढीमाई नगरपालिका-४ मल्हनी टोलमा रहेको बाल विकास प्राथमिक विद्यालय विगत एक वर्षदेखि विद्यार्थीबिना सञ्चालनमा छ।

सो विद्यालयमा एक प्रधानाध्यापक, एक बालविकास शिक्षिका र एक कार्यालय सहयोगी गरी तीन कर्मचारी रहे पनि विद्यार्थी नभएपछि शिक्षक घाम तापेर दिन बिताउने गरका छन्। विद्यार्थी नहुँदा शिक्षक विद्यालय आएर हाजिर लगाएर जाने गरेको उनीहरूको दिनचर्या छ। विद्यालयमा विद्यार्थी नभए पनि त्यहाँ रहेका शिक्षक भने तलब भत्ता खाएर दिन बिताउने गरेको र विद्यालयको अनुगमन नहुँदा विद्यालयमा एक विद्यार्थी पनि नभएको प्रधानाध्यापक शर्मानन्दप्रसाद साहको गुनासो छ। उनले विद्यालयमा विद्यार्थी भएको कुनै रेकर्ड नै नभएको समेत बताए।

विगत लामो समयदेखि राजनीतिकको अखडाका रुपमा विद्यालय रहेकाले पठनपाठन प्रभावित हुने हुँदा विद्यार्थीको उपस्थिति नभएको गुनासो स्थानीयवासीको छ। पटकपटक विद्यालय सुधारका लागि स्थानीय निकाय, वडा कार्यालय तथा विद्यालय व्यवस्थापन समितिलाई जानकारी गराउँदासमेत कसैले विद्यालयप्रति चासो नराखेकाले यस्तो अवस्था आएको हो।

विद्यालय स्थानीय तहमा आएपछि शिक्षा क्षेत्रमा देखिएको समस्याबारे जिज्ञासा राख्दा महागढीमाई नगरपालिका शिक्षा विकास शाखाका प्रमुख रामविश्वासप्रसाद चौरसियाले सो विद्यालयका प्रधानाध्यापक साहको कमी कमजोरीका कारण विद्यालयमा विद्यार्थीको सहभागिता न्यून रहेको बताए। सो विद्यालयलाई चैत महिनासम्ममा विद्यार्थी जुटाउन आदेश दिएको र सो समयमा विद्यार्थी जुटाउन नसके विद्यालयलाई समायोजन प्रक्रियामा लग्ने नगरपालिकाले जनाएको छ।

शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले

१. न्यानो कपडाको जोहो समयमै गरौ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ।
४.धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं।
७.बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८.चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं।
१०.चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं।
११.कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं।

नेपाल सरकार
रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल

शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले

१. न्यानो कपडाको जोहो समयमै गरौ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ।
४.धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं।
७.बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८.चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं।

१०.चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमातुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं।
११.कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं।

नेपाल सरकार
सोनमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल

DARE2FIT Gym & Fitness Centre
VALENTINE'S DAY SPECIAL
OFFER FOR COUPLE & GIRLS
25 % OFF
1 MONTHS FREE PERSONAL TRAINER.
SHAPE YOUR BODY
JOIN THE BEST GYM TODAY
NOTE : Built In 4,000 Sqft Area
SPECIAL DANCE CLASSES BY AJAY ASGARUWA & DHARMESH
TRAINING SERVICES :
• Cardio Training
• Crossfit Friendly
• Resistance Training
• Personal Training
• Weight Training
• General Fitness
• Diet Nutrition
• Weight Control
• Zumba & Dance
• Zumba & Aerobic
• Flexibility
9825872858
Beetween Pidari chowk & Ramanand chowk

**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, लालितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर